ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष:२६ ॥ अंक: ०३ ॥ आइतबार ३१ जेठ २०८३ ॥ चतुर्दशी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Sunday 14 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

❖धारा खुला छोड्ने बानी त्यागौं,
❖वर्षाको पानी संकलन र पुन: प्रयोग प्रणाली अपनाऔं,
❖नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
❖घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
❖प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
❖वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
❖भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

*पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# संघर्षको पसिनाबाट विद्यावारिधिसम्म अधिकारी

एमपी शर्मा

हेटौंडा/मकवानपुरगढी गाउँपालिका–३, मक्राञ्चुलीको एउटा सामान्य घर । आर्थिकरुपमा कमजोर परिवार । विहान खेतबारिको काम, दिउँसो विद्यालय र साँझ भोलिको खर्च कसरी जुटाउने भन्ने चिन्ता । यही परिवेशमा जन्मिएका दीपक अधिकारीले जीवनयात्रा सुरु गरेका थिए । तर, आज उनै दीपक अधिकारी पीएचडी उपाधि हासिल गरेर गाउँका युवाहरुका लागि प्रेरणाका स्रोत बनेका छन् ।

२०४० भदौ १४ गते दामोदर अधिकारी र मिठु अधिकारीका सन्तानका रुपमा जन्मिएका दीपक तीन दाजुभाइमध्ये माइला सन्तान हुन् । एक बहिनीसमेत रहेको परिवारको आर्थिक अवस्था कमजोर थियो । अभावले उनको पढ्ने इच्छालाई कहिल्यै कमजोर बनाउन सकेन । उनको प्रारम्भिक शिक्षा तत्कालीन मकवानपुरगढी गाविस–५ स्थित सरस्वती प्राविमा भयो । त्यसपछि भानु माध्यमिक विद्यालयमा कक्षा–६ देखि भर्ना भए र एसएलसी त्यहींबाट दिए । उनी हरेक कक्षामा प्रथम भए ।

विद्यालयमा पढ्नका लागि कापीकलम किन्नुपर्ने हुन्थ्यो । त्यसका लागि उनले विद्यालयमै पुष्टकारी बेच्थे । कहिले हलो जोत्थे, कहिले बारि खन्थे, कहिले धान काट्न मेलापात जान्थे । मल बोकेर र ज्यालादारी गरेर कमाएको पैसाले भर्ना शुल्क र ट्युसन शुल्क तिर्थे । २०५६ सालमा भानु माध्यमिक विद्यालयबाट ६९.१४ प्रतिशत् अंकसहित प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण भएपछि उनको सपना विज्ञान विषय पढ्ने थियो । तर, आर्थिक अभावले उनको सपना तत्काल पूरा हुन सकेन । उनले फरेष्ट्री अध्ययनका लागि प्रवेश परीक्षा पनि दिएका थिए र नामसमेत निस्किएको थियो । तर, पहुँच र जानकारीको अभावका कारण अर्कैले उनको नाममा अध्ययन गरि रहेको कुरा उनले पछिमात्र थाहा पाए ।

२०५७ सालमा उनी हेटौंडाको वंशगोपाल माध्यमिक विद्यालयमा कक्षा–११ मा भर्ना भए । गाउँकै सम्मानित शिक्षक रमेशप्रसाद लामिछानेको सल्लाहमा परिवारले उनलाई त्यहाँ पठाएको थियो । सुरुमा कमर्स विषय लिए पनि पछि भवानी सापकोटा दिदीले उनको परीक्षा फाराम शिक्षा संकायतर्फ मेजर गणित राखेर भरिदिइन् । त्यही निर्णयले उनको भविष्यको बाटो तय गरिदियो । कक्षा–११ पढ्दापढ्दै उनी गाउँकै जुनेली बोर्डिङ स्कुलमा मासिक १ हजार ५ सय तलबमा शिक्षक बने । त्यही कमाइले घरखर्च र आफ्नै अध्ययन खर्च धान्न थाले ।

११ र १२ कक्षा पूरा गरेपछि उनी हेटौंडा क्याम्पसमा शिक्षाशास्त्र संकायअन्तर्गत् मेजर गणित लिएर स्नातक अध्ययन थाले । त्यतिबेला उनी जीएस स्कुलमा पढाउँथे । द्वन्द्वकालको समय भएकाले गाउँबाट दैनिक आउजाउ गर्न कठिन थियो । त्यसपछि उनी हेटौंडामै डेरा गरेर पढाउने र पढ्ने दुवै काम संगसँगै अघि बढाउन थाले ।

संघर्षबीच उनले तीन वर्षे स्नातक तह पूरा गरे । त्यसपछि उच्चशिक्षाको खोजीमा २०६१ सालमा काठमाडौं पुगे । त्यहाँ उनका दाजु तेजप्रसाद अधिकारीको सहारा थियो । दाजु कापी व्यापारमा संलग्न थिए भने दीपक महेन्द्ररत्न क्याम्पसमा स्नातकोत्तर अध्ययनका लागि भर्ना भए । महेन्द्ररत्न क्याम्पसको साँझको कक्षा र त्रिभुवन विश्वविद्यालयको दिउँसोको अध्ययन सँगै चलिरह्यो । खर्च धान्न उनले दाजुको व्यवसायमा सघाए । कहिलेकाहीं तत्कालीन आर एनएसी र रत्नपार्क क्षेत्रमा सडक किनारमा पत्रिका बेचेर पनि आफ्नो अध्ययन खर्च जुटाए । 'कतिपय दिन बिहानदेखि रातिसम्म काम गर्थें । तर, पढाइ छोड्ने सोच कहिल्यै आएन,' उनी भन्छन् । उनले स्नातकोत्तर तह ७३ प्रतिशत् अंकसहित पूरा गरे ।

त्यसबीच आफूले अध्ययन गरेको भानु माध्यमिक विद्यालयमा गणित विषयको राहत शिक्षक आवश्यक रहेको सूचना पाए । परीक्षा दिए र छनौट भए । त्यसपछि करिब आठ वर्षसम्म उनले त्यही विद्यालयमा अध्यापन गरे । २०७१ सालमा शिक्षक सेवा आयोगले लामो अन्तरालपछि विज्ञापन खुलायो । उनले विभिन्न तहका परीक्षामा नाम निकाल्न सफल भए तर अन्तर्वार्तामा छनौट हुन सकेनन् । हार नमानी उनले पुन: प्रयास जारी राखे । २०७२ सालमा शिक्षक सेवा आयोगअन्तर्गत् माध्यमिक तथा निम्न माध्यमिक तहमा नाम निकाल्न सफल भए । नेपाल विद्युत् प्राधिकरणका तेस्रो, चौथो र पाँचौं तहका परीक्षामा समेत सफलता प्राप्त गरे । चौथो तहमा सिफारिससमेत भए । तर, शिक्षा प्रतिको लगावले उनले प्राधिकरणको जागिर रोजेनन् । 'शिक्षण पेशाले मलाई दिएको आत्मसन्तुष्टि अरु कतै भेटिनँ,' उनी भन्छन् ।

२०७२ सालदेखि आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा स्थायी शिक्षकका रुपमा कार्यरत् दीपकले निरन्तर अध्यापन गरिरहेका छन् । २०७६ सालमा शिक्षक महासंघको स्थानीय अध्यक्ष बनेर शिक्षक अधिकार, पेशागत् सुरक्षा र शैक्षिक सुधारका पक्षमा सक्रिय भूमिका निर्वाह गरे। यसबीच उनले वंशगोपाल, निर्मल मावि, जेनिथ लगायत विभिन्न शैक्षिक संस्थाहरुमा अध्यापन गरे । शिक्षक सेवा आयोगको तयारी गरिरहेका नयाँ शिक्षकहरुलाई प्रशिक्षण दिए । उनका धेरै विद्यार्थी र सहकर्मीहरु सफल शिक्षक बनेका छन् । तर, यतिमै उनी सन्तुष्ट भएनन् ।

'अझै अध्ययन पूरा भएको छैन भन्ने लाग्थ्यो,' उनी सम्झिन्छन् । त्यही सोचले उनलाई अनुसन्धानको यात्रातर्फ डोऱ्यायो । सन् २०१९ मा काठमाडौंस्थित पीएचडी सेन्टरसँग समन्वय गर्दै भारतको सिक्किमस्थित प्रोफेसनल युनिभर्सिटीको प्रवेश परीक्षा दिए ।

सफल भएपछि उनले विद्या वारिधि (पीएचडी) अध्ययन सुरु गरे । उनको अनुसन्धान विषय थियो–विद्यार्थीहरुको व्यवहारिक जीवनमा गणितीय अवधारणा प्रयोग र प्रभाव । गणितका सिद्धान्तहरु व्यवहारिक जीवनमा कसरी उपयोगी हुन्छन् भन्ने विषयमा केन्द्रित अनुसन्धान उनले अघि बढाए ।

पीएचडीको यात्रा सजिलो थिएन । एकातिर विद्यालयमा अध्यापन, अर्कोतिर अनुसन्धान । समय, स्रोत र आर्थिक व्यवस्थापन सबै चुनौतीपूर्ण काम थिए । सन् २०२२ मा उनले पुल्चोक इञ्जिनियरिङ क्याम्पस, एभरेष्ट इञ्जिनियरिङ कलेज, मकवानपुर क्याम्पस र आधुनिक राष्ट्रिय माविलगायत संस्थाहरुबाट आवश्यक तथ्यांकहरु संकलन गरे ।

गुणात्मक र परिमाणात्मक दुवै विधिबाट अनुसन्धान सम्पन्न गरे । यस यात्रामा उनका मार्गदर्शक प्राध्यापक डा. सिद्धि कोइराला थिए । डा. बिनोद नेपाल, डा. बासुदेव सुबेदी र डा. तोया खनाललगायत गुरुहरुको सहयोगलाई उनी विशेषरुपमा सम्झन्छन् ।

दुई अनुसन्धानात्मक लेख अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित गरेपछि, विभिन्न सम्मेलनमा प्रस्तुति दिएपछि र लामो मूल्यांकन प्रक्रिया पछि अन्तत: १९ फेब्रुअरी २०२६ मा उनले अन्तिम भाइवा दिए । सात–आठ जना विशेषज्ञहरुको उपस्थितिमा भएको प्रस्तुतिकरण सफल भयो ।

त्यसपछि उनलाई विद्यावारिधि उपाधि प्रदान गरियो । हलो जोतेर, मल बोकेर, धान काटेर, विद्यालयमा पुष्टकारी बेचेर, रत्न पार्कमा पत्रिका बेचेर पढेको एउटा गाउँले युवक अन्तत: डा. दीपक अधिकारी बने ।

मकवानपुरगढी गाउँपालिका वडा–३ ले उनलाई सम्मान गरेको छ । सम्मान ग्रहण गर्दै उनले भने–मैले हासिल गरेको ज्ञान आफ्नै देश, समाज र नयाँपुस्ताको हितमा प्रयोग गर्न चाहन्छु । आवश्यक पर्दा म आफ्नो गाउँ र समाजका लागि सधैं तयार छु ।

अधिकारीको कथा केवल एउटा व्यक्तिको सफलता होइन, यो अभावमाथि गरेको विजयको कथा हो । यो प्रमाण हो–आर्थिक अवस्था कमजोर भए पनि सपना बलियो भए असम्भव केही हुँदैन । गाउँको एउटा साधारण किसान परिवारमा जन्मिएको बालकले संघर्ष, मेहनत र अटल आत्मविश्वासका बलमा पीएचडीसम्मको यात्रा तय गरेको यस सत्यकथा हालका युवापुस्ताका लागि प्रेरणाको उज्यालो दीप बनेको छ । दु:ख भएपनि गन्तब्यमा पुग्न सकिने पाठ उनीबाट सिक्न सकिन्छ कि ?

# चौंसट्ठी शिवलिंगधाम संरक्षणका लागि बजेट विनियोजिनको आश

सन्देश संवाददाता

हेटौंडा/महेश सन्न्यास आश्रम देवघाट–५, तनहुँका लागि चौंसट्ठी सिद्धलिंगधाम संरक्षण सम्बन्धमा बागमती प्रदेशअन्तर्गत् १० जिल्लामा रहेका चौंसट्ठी सिद्धलिंगधामको संरक्षण र सम्वर्द्धनका लागि आव २०८३/०८४ को बजेटमा प्रदेश अन्तर्गत् स्थानीय तहसँग समन्वय गरी मन्दिर निर्माण, जीर्णोद्वारा र मर्मत लगायत कार्यका लागि बजेट विनियोजित हुने भएको छ । बागमती प्रदेशका मुख्यमन्त्रीलाई सम्बोधन गरी लेखिएको पत्रका आधारमा मुख्यमन्त्रीको निजी सचिवालयमा उक्त आदेश भएको हो ।

बागमती सभ्यताका ती मुख्य ऊर्जाकेन्द्र सिद्धपीठहरु हाल पनि चौंसट्ठी सिद्धलिंगधामका रुपमा बागमती प्रदेशका दश जिल्लामा फैलिएर रहेका छन् । राष्ट्रदेव पशुपतिनाथका दिव्य कलास्वरुप ती आध्यात्मिक केन्द्रहरु राज्य तथा जनस्तरबाट प्राचीन समयदेखि संरक्षण र सम्वर्द्धन हुँदै आए पनि पछिल्लो कालमा उपेक्षित हुन पुगेको देखिन्छ । अत: ती क्षेत्रहरुको विकास र प्रचारका निम्ति आधिकारिक अध्ययन/अनुसन्धान गराइ नक्सांकन, पदमार्ग निर्माण, मन्दिर जीर्णोद्वार, गुठी संरक्षण, पूजा सञ्चालन जस्ता आधारभुत अत्यावश्यक कार्यका निम्ति प्रदेशको नीति तथा कार्यक्रममा योजना समावेश गरी आवश्यक बजेटको प्रबन्ध गरिदिन अनुरोध गरिएको थियो ।

केवल बागमती प्रदेशको मात्र नभइ समग्र देश र संसारभर छरिएर रहेका सनातनीहरुका आस्थाका केन्द्र ६४ सिद्धलिंगधामहरुको संरक्षण र सम्वर्द्धनमा योजनावद्ध विकास अनिवार्य देखिएको हो । देवभूमि नेपालका प्राचीन सभ्यतामध्ये बागमती सभ्यता सबभन्दा महत्वपूर्ण सभ्यता हो । शिवगंगा बागमती र राष्ट्रदेव, पशुपतिनाथको केन्द्रियतामा विकसित सभ्यताका ऐतिहासिक स्मारक र शक्तिपीठहरु हाल पनि देशकै मुख्य आध्यात्मिकी क्षेत्रका रुपमा प्रसिद्ध छन् । यी धार्मिक, ऐतिहासिक तीर्थहरुको प्रत्यक्ष दर्शन, अवलोकन र अध्ययन गरेर वस्तुस्थिति संकलन गर्ने उद्धेश्यले देवघाटधाममा अवस्थित महेश आश्रमका पीठाधीश स्वामी रमानन्द गिरीको आह्वानमा नेपाल/भारतका विभिन्न मठका प्रतिनिधि एवम् अध्येताहरुसाथमा गत २०८२ चैत १७ गतेदेखि बैशाख २८ गतेसम्म ४२ दिन लगाएर ९ सय ५० किलोमिटरको ऐतिहासिक बृहद् पाशुपत पदयात्रा भएको थियो ।

आश्रम पवित्र तीर्थस्थल देवघाटधाम (तनहुँ) मा अवस्थित एक प्रसिद्ध वैदिक सनातन धार्मिक तथा शैक्षिक संस्था हो । स्वामी गिरीजी महाराजको संकल्पमा स्थापित आश्रमले संस्कृत शिक्षा र वैदिक परम्पराको संरक्षण गर्दै आइरहेको छ । यसले महेश संस्कृत गुरुकूल सञ्चालन गरेको छ, जहाँ विद्यार्थी हरुलाई वैदिक सनातन धर्म र संस्कृत शिक्षा प्रदान गरिन्छ । यो कालीगण्डकी र त्रिशुली नदीको पावन संगमस्थलमा अवस्थित छ, जसले यसलाई एक प्रमुख आध्यात्मिक केन्द्र बनाएको छ । यसले धार्मिक पर्यटन प्रवर्द्धन, संस्कृति संरक्षण र विभिन्न विमर्श कार्यक्रमहरु आयोजना गर्दै आएको छ ।

राष्ट्रदेव पशुपतिनाथ, शिवगंगा बाग्मती र ६४ सिद्धलिंग नेपालका ऐतिहासिक समृद्ध सम्पदा हुन् । यिनको प्राचीन खोज नेपाल राज्यका ऐतिहासिक अन्वेषक नेमुनिले गरेका हुन् । नेमुनिको आज्ञाबाट विरुपाक्षले सिन्धुली जिल्लाको दुग्जामा अवस्थित आदिलिंग कुशेश्वरबाट आरम्भ गरेर क्रमैले ६४ सिद्धलिंगको परिक्रमापछि पशुपतिनाथको पूर्ण परिक्रमा र दर्शन गरेको इतिहास छ । मध्यकालमा मल्ल राजा प्रताप मल्लले सोही क्रमले ६४ सिद्धलिंगको दर्शन गरी बृहद् पाशपत क्षेत्रको परिक्रमा गरेको देखिन्छ । आधुनिक कालमा विभिन्न राजामहाराजा र प्रशासकहरुले पशुपतिनाथ आफ्नो कामनाअनुसारका उपहार सेवा चढाउने गरेको देखिन्छ भने जनस्तर बाट विभिन्न समय र अवसरहरुमा साधुसन्त, भक्त र श्रद्धालुहरुले सामूहिक तथा एकल यात्रा गरेर चौंसठ्ठी सिद्धलिंगसहित पशुपतिनाथको पूर्णदर्शन गर्दै आएको पाइन्छ ।

वर्तमानमा पशुपतिनाथसहित ६४ सिद्धलिंग र बागमती नदीको शुद्धीकरण एवम् संरक्षण गर्न जन जागरण गर्ने उद्धेश्यले आश्रम देव घाटका पीठाधीश गिरीको संयोजनमा नेपाल तथा भारतका विभिन्न मठका प्रतिनिधि सहित ७८ जना अध्येता र श्रद्धालु हरुको समूहले पाशुपत पदयात्रा व्यवस्थित रुपमा सम्पन्न गरेको छ ।

पशुपतिनाथ, बागमती नदी र चौंसठ्ठी सिद्धलिंग पौराणिक महत्वका क्षेत्र हुन् । यी क्षेत्र र तीर्थबारे शिवमहापुराण, वराहपुराण, स्कन्दपुराणले विस्तृत वर्णन गरेका छन् । वराहपुराणमा गण्डकीदेखि पूर्व र कोशीदेखि पश्चिममा बागमती नदीलाई केन्द्र बनाएर सिद्ध पाशुपत क्षेत्र रहेको बताएको छ ।

...बांकी ४ पेजमा






**उखान**: बाघको मुख खाए पनि रातै, नखाए पनि रातै ।

॥ ॥ बेलाको बोली ॥ ॥

मानव मनको सबैभन्दा ठूलो समस्या के हो भनेर सोध्नेलाई म भन्छु, बोली र व्यवहारमा फरक।

*- जगदीश घिमिरे*

## सम्पादकीय

# किचलै किचलो किन ?

*आफ्नो कुनै पनि भ्रातृ संगठन नहुने, केवल सदस्यहरु मात्र हुने र कुनै पनि कार्यकर्ता नहुने घोषणा गर्दै स्थापना भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा) ले संवैधानिक समाजवाद, प्रगतिवाद, राजनीतिक व्यावहारिकता, सहभागितामूलक लोकतन्त्र, कल्याणकारी राज्यसहितको आर्थिक उदारवाद र राजनीतिक स्वतन्त्रताको समर्थन गर्ने दलको रूपमा परिचय बनाएको थियो । नेपालको समतामूलक उन्नति, समाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने देश कै सबैभन्दा ठुलो बहुलवादी लोकतान्त्रिक राजनीतिक दल बनेको छ ।*

*यो दलले प्रतिनिधि सभा निर्वाचन, २०८२ मा भारी जीत हासिल गरेसंगै नेपालको सबैभन्दा ठूलो राष्ट्रिय दल बनेको छ । एक मध्यमार्गी दलका रुपमा यसले आफ्ना निर्वाचित सांसदहरुका लागि "प्रत्याह्वानको अधिकार", वि.सं. २०४७ देखि सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ति छानबिन गर्ने भ्रष्टाचार विरोधी अडान, सीमान्तकृत समुदायका लागि सामाजिक न्याय, निजामती सेवामा योग्यता प्रणाली, एकीकृत स्वास्थ्य सेवाको पारदर्शिता, डिजिटल सुशासन र साना निक्षेपकर्ताहरुको सुरक्षाका लागि वित्तीय संस्थाहरुमाथि कडा निगरानी जस्ता मुद्दाहरुलाई आफ्नो राजनीतिक एजेण्डा बनाएर अघि बढेको पार्टी हो । यो दलले २०७९ को निर्वाचनमा १३१ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाए पनि प्रदेश सभा निर्वाचनमा भने भाग लिएन । प्रतिनिधि सभामा यसले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १३ सिट जित्न सफल भएको थियो ।*

*दलको यस्ता राम्रा र नेपालीको जनभावना समेटन सफल भएको दलको वडा तहदेखि प्रदेश तहसम्मको दलगत आन्तरिक निर्वाचनमा देखिएको लफडाले के संकेछ दिन खोजेको हो बुझ्न सकिएको छैन । यति पवित्र उदेश्य लिएर अघि बढेको दलको आन्तरिक निर्वाचनमा देखिएको किचलोले हात्तिको देखाउने दांत उखान जस्तै भएन र ? बागमती प्रदेशको अधिवेशनमा देखिएको निर्वाचन स्थगितसम्मको घटनाक्रम लाई अध्ययन गर्दा कतै यो दल पनि पुराना दलहरुको लाईनमा उभिएको त होईन ? कदलको चरित्र देखाएको त होईन ? यदी होईन भने वडादेखि प्रदेश तहसम्मको नेता चयनमा देखिएको किचलोले के संकेत गर्छ ?*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । तर बलजफ्ती गर्ने बानीले साथीभाइ खानपानमा अलि सजग रहनुहोला । | **बृष** परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ । मुस्किलले काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ भने सामान्य फाइदा भइनै रहनेछ । |
| **मिथुन** सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । आवश्यकता पूरा गर्न सरसापट पछिका लागि लगानी गर्न सकिनेछ । | **कर्कट** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ गने योग छ । |
| **सिंह** पेसा-व्यवसायमा फाइदा उठाउन सकिनेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । व्यापारबाट मनग्य धनलाभ हुनेछ । | **कन्या** मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ । भौतिक साधन जुट्नेछन् । व्यापारमा आम्दानी बढाउन सकिनेछ । |
| **तुला** अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ । विशेष योजना सार्वजनिक नगर्नुहोला । | **बृश्चिक** मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन आफन्तबाट टाढिनुपर्ने हुन सक्छ । |
| **धनु** समय लागे पनि काम बन्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन तथा मनोरञ्जनमा समय बित्नेछ । | **मकर** काम पूरा नभए पनि दोहोर्‍याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ । सामुदायिक जिम्मेवारी वहन गर्ने हुने काम हातलागी हुन सक्नेछ । |
| **कुम्भ** प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । सम्भावना पनि सोचेको उपलब्धि प्राप्त नहुन कामकै लागि दौडधुप गर्नुपर्नेछ । | **मिन** चुनौतीभित्र अवसर खोज्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ । |

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# भीमेश्वर ज्योतिलिङ्ग



✍केदारप्रसाद न्यौपाने



दोलखाको बिगु गाउंपालिकाको १ नं. वडा लामबगरमा गाविस थियो । टाडीमा देवलिङ्गेश्वर महादेव स्थान छ । स्थानीयहरुले द्यौलाङ्गा भन्ने गर्दछन्, यो महादेवको उत्पतिका विषयमा यस्तो कथा सुन्न पाईन्छ । बावियो डाँडाँमा एकजनाले गाई गोठ राखेछन्, गोठका गाईहरुमध्ये एक दुध दिने गाई तामाकोशी नदी तरेर त्यो शिलामा दुध चढाउने गरेको देखेर गोठालाले महादेव नै होला भनी उत्खनन् गरेर हेर्दा शिवलिङ्गको आकारमा पाए, तब त्यहाँ जल चढाई पूजाआजा गरेछन् ।

महादेवले सतीदेवीलाई झुपडी उघारेर हेर्न लगाए, त्यहाँ कैलाशको दर्शन पाउछौ भन्दा पनि भएको झुपडी किन भत्काउछौं भन्दा झुपडी भत्काउनु भन्दा भुपडी फोरेर हेर्दा कैलाशको दर्शन पाएको कुरा स्वस्थानीमा उल्लेख छ । ढुंङ्गा, माटोको गारो लगाएको छ । यही मन्दिरमा पौष शुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्दछ । शिव रात्रिमा पनि मेला लाग्दछ । स्थानीयहरु यो महादेव स्थानलाई प्रवित्र तीर्थ स्थल मान्दछन ।

सुनकोशी र तामा कोशीको दोभानमा देवीतीर्थ वेणीघाट तीर्थ छ । दैत्य शुम्मासुरको भयले यत्रतत्र भागेका देवताहरु जम्मा भएर सामुहिकरुपमा ध्यान तपश्या गर्दा महादेव प्रकट भएर कालिकादेवीतर्फ इसारा गर्दा सामुहिक रुपबाटै दैत्यहरुलाई नाश गरेकी थिइन्, तब देवताहरुले आ–आफ्नो स्थान प्राप्त गरेका थिए ।

यो स्थानमा पूजाआजा गर्दा भक्तहरुले चिताएको फल पाइन्छ भन्ने मान्यता छ । कुकर्म–कुसंकारबाट जन्मिएका सुंगुर बन्ने रुद्र शर्मा नामका व्यक्ति माघकृष्ण चतुदर्शीमा आएर यस शिव लिङ्गको दर्शन गर्दा नै पापबाट मुक्त भएको कथा पाइन्छ । यो पर्वतलाई प्राचिनकालमा ताम्रचुड पर्वत भनिन्थ्यो । यो शिवलिङ्ग नेमुनिद्वारा विरुपाक्षलाई सेवा–स्नान र पूजाआजा गर्न लगाएका थिए भनि घटराज भट्टराईले नेपालका धार्मिक स्थलहरु भन्ने पुस्तकमा उल्लेख गरेका छन् ।

दोलती र तामाकोशी नदीको दोभानमा नाग दह पनि छ । त्यसको उत्तरतर्फ त्रिपूरा सुन्दरीको दर्शन गर्न र धारामा स्नान गर्दा विशेष धर्म प्राप्त हुन्छ भन्ने मान्यता छ । चर्नावती नदी कालिञ्चोक बाट बहदै आएकी हुन् । पूर्व उत्तर बगेकी छिन् त्यहाँ मसानघाट, जल विद्युत आयोजना पनि छ । मिलङ्कोट, चरिकोट, राधास्वामी मन्दिर, चर्नावती खोला उत्तर पूर्व बगकी छिन् । त्यहाबाट उकालो चढी त्यहाँबाट घोक्सिलागाउंको बद्री कुंवर वडा अध्यक्षले हामी तीथयात्रीहरुलाई मोही खान दिए । यात्रीहरुले किम्बु पनि टिपेर खाए । उपस्थित सबैसंग चन्दा उठाएर तीर्थयात्रीका सचिव श्यामकृष्णलाई ८ हजार ४ सय रुपैया बाटो खर्च लिन लगाए । ५ नं. वडाका वासिन्दाहरुले महाकालीलाई, घोकसिला समाजद्वारा बृहत पाशुपत पदयात्रीहरुको स्वागत सत्कार गरेका थिए । त्यसपछि केही उकालो चढियो र सडककै सडक पैदल हिडियो, बुढा भिमसेन सामुदायिक वन समूह हुँदै भिर घुम्ती ५ नं. वडा चोकबाट जिरी पुग्न ४५ कि.मि. छ । सैलुङ्ग गाउँपालिकाको कार्यालय ४.५ कि.मि छ । यहाँबाट चरिकोट १० कि.मि.रहेछ । भीमेश्वर नगर पालिकाको धर्मघर सल्लाहको बिउँ संकलन केन्द्र खुकुरीमोडको नज्दिक श्रीराधास्वामी सत्संगहलमा पुगेर दिनको खाना १ बजे भोजन गर्‍यौ, ठुलोहल रहेछ सरसफाई पनि छ । सरसफाई पनि छ ।

थरीथरीका समिल, धेरै ठाउँमा काठ चिरी रहेको पाइयो । धर्मघर, पंधेरी, पशुपती मन्दिर मालपोत कार्यालय, चरिकोट प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल तिखातल प्रा.वि, १८१ सिंढी भीमेश्वर नगरपालिका–२ मा पुगियो । नेपाल संबत् भन्दा ६०० वर्ष अगाडिसम्म माटो र छालाको पैसा चलेको रहेछ । त्यसपछि बचत तथा ऋण सहकारी संस्था लि.रहेको हलमा बास बस्ने व्यवस्था र सडकको उत्तरतर्फ भोजनको व्यवस्था भयो ।

दोलखा जिल्लाको क्षेत्रफल २१९१ वर्ग कि.मि. २ नगरपालिका र ७ गाउँपालिकाहरु छन् । समुन्द्र सतहदेखि दोलखको सबैभन्दा होचो स्थान ७६२ मिटर सितली हो भने गौरीशंकर हिमाल जिल्लाको सबैभन्दा अग्लो ७१३४ मिटरको छ । नेपालको प्रमाणित समय गौरीशंकर हिमाललाई आधार मानी निर्धारण गरिएको छ । २०१८ सालमा ७५ जिल्लामा विभाजन गर्दा दौलख नामाकरण भएको तर कार्यालहरु भने २०२४ सालमा मात्र जिल्ला अदालत, हुलाक, मालतोत, प्रहरी र स्वास्थ्य आदि जिल्लास्तरीय कार्यालयहरु स्थापना भएको थियो । यो जिल्लाको आक्षाश २७.२८ देखि २८.० उत्तर देशान्तर ८५.५० देखि ८६.३२ पूर्वमा छ ।

यो दोलखा जिल्लामा भीमेश्वर नगरपालिका १ र ५१ गाविसहरु थिए । जिल्लाको हावापानी उष्ण, समशितोष्ण र शितोष्ण पाइन्छ । २०६८ को जनगणना हेर्दा ३३.४१ प्रतिशत क्षेत्री, १६.७८ तामाङ, ९.३८ प्रतिशत नेवार, ९.२० प्रतिशत पहाडी ब्राम्हण, र ८.९२ प्रतिशत थामी थिए । गुठी अधिनस्त जग्गा दोलखमा १३७७ रोपनी छ । गुठी तैनाथी नम्बरी १२४६ रोपनी जग्गा छ । जिरीमा ३६८ मिटर लम्बाई र १८ मिटर चौडाइको विमानस्थल छ ।

यहांका प्रमुख तालहरुमा चछोरोल्पा हिमताल– हो, किरातकालमा दोलखा खुम्बुवान क्षेत्रमा पर्दथ्यो । जुन सुनकोशीदेखि दुधकोशी नदीसम्मको क्षेत्रलाई भनिन्थ्यो । हुन त यसलाई माझ किरांत पनि भन्ने गरेको थियो । किरांती छापक्षेत्र भन्नाले प्राचिन दोलखा क्षेत्रको मुख्यभूमि हो । दोलखा १०० बर्षसम्म स्वतन्त्र राज्य थियो । स्नगाउँको माझी भारोले वि.सं.१३८१ मा सिम्रौनगढबाट भागेर आउंदा रानी देवल देवी छोरा जगत सिहं र मन्त्रीहरुलाई बन्दी बनएर राखेका थिए । उनीहरुसंग भएको सरसामान र गहनाहरु लुटे । रानी देवल देवीले लुकाएर राखेको गहना गोप्यरुपमा पालेलाई दिएको र एउटा पत्रमा भक्तपुरे राजाको दरबारमा पुऱ्याउन लगाइन् । तत्काल भक्तपुरका राजा रुद्र मल्ल र उनका भाई थिए ।

दिदीको गोप्य पत्र पाएर छुटाउन उनले सेना पठाए । सेनाले माझीभारोलाई भक्तपुरका राजाको दिदी भनेर छाडी दिएका थिए । किंरात छाप मानव निर्मित थियो । लिच्छविकालको किंरात छापमा कुटिल लिपि थियो भन्ने शिलालेख छ ।

**दोलखाका गुठीहरुः**

दोलखा जनकपुर अञ्चलमा पर्दछ भने हाल वागमती प्रदेशमा पर्दछ ।

१.भगवान देवताको गुढीः १२–८–० रोपनी
२.खुर्कोट सदावर्त गुठीः १७५–०–३ (सिन्धुली)
३.नाम्दु श्री खगेश्वर महादेव गुठी १२–८–०
४. तिल्पुङ खिम्ती दोभान श्री ज्वालादेवी गुठी १०–०–० रोपनी
५.गुप्तेश्वर महादेव गुठी ७–८–० रोपनी
६.सिमरास सितला फलामेसांधु गुठी ११–१०–० रोपनी
७.श्री कालिका गुठीः २–८–० रोपनी
८.सालसेती देवीका गुठी ११–१०–० रोपनी
९.टेकनपुर श्री कालिका गुठीः १–४–० रोपनी
१०.नित्य पुल देवीको गुठीः ६–०–० रोपनी
११. भिमेश्वर नित्यपर्व पुजा गुठीः २५–०–० रोपनी
१२.आलापुर श्री भीमेश्वर गुठी : १४–१०–० रोपनी
१३.चिसापानी श्रीदेवि र भीमेश्वर गुठीः रैकर
१४.जिउजको ठाटी गुठी : १–१२–२–० रोपनी
१५.सवलादेवी गुठीः ९–१०–०
१६.भिमेश्वर श्रीकालीन श्री फौदः ९–१०–० पवितेश्वर श्रीलक्ष्मी नामदु भिमसेन गुठी ।
१७.चनौटे श्रीदेवी र सेतुवरुवाल गुठीः ५–०–०
१८.भिमेश्वर अक्षयतृतीया गुठी : ११–८–० रोपनी
१९.खुवामध्येकोट गाउँको भैरवेश्वर गुठीः ९–८–०
२०.नामुदुका जिरेश्वर महादेव गुठीः १२–४–० रोपनी
२१.त्रिपुरासुन्दरी मच्छिन्द्रनाथ गुठीः २९६–०–०–१
२२. राकोट श्री महाकालीका गुठीः १७–८–०
२३.श्री नवलपुस्वी सेतीदेवी गुठीः ५–०–० रैकर
२४.भिमेश्वरको शनिवार पुजा गुठीः ५–०–०

भीमेश्वर नगरपालिका वडा नं. २ का अध्यक्ष संग सम्पर्क गरेर २१ गते बिहान नित्य कर्मपछि भीमेश्वरमा पूजाआजा गर्न पुग्यौ । भीमेश्वर महादेव शिवशक्ति स्वरुप महादेवको अर्कोरुपमा भैरव र पाँच पाण्डवमध्येको वीर साहसी योद्वा भीमसेनलाई मानिन्छ । साधारण भाषामा भन्दा दोलखा भिमसेन भनिंदो रहेछ । भीमेश्वरमा तीन रुपको पुजाआजा, आराधना, प्रार्थना, रुद्रीपाठ वैदिक विधिको पूजा पनि गरियो ।

मन्दिरमा भीमसेन, कुन्ती, द्रौपदीका मूर्तिहरु छन् । शिलाका मूर्तिहरुमध्ये भीमेसनको मूर्ति चिल्लो र कालो छ । यि अन्य स्थापना गरिएका मूर्तिहरु मध्येको किंरातकालका पनि रहेछन् । भीमेश्वर ज्योर्तिलिङ्ग पर्वतको नाम ताम्रचुड, तीर्थहरुमा मुख्य देवी तीर्थ भैरवमा विशालाक्षा भैरव, योगिनीमा रक्षकाणी योगिनी भएको पाइयो । असोज शुक्ल दुर्गा पक्ष घटस्थापना, फुलाती, महाअष्टमी, महानवमी र विजया दशमीमा विशेष पूजाको क्रियाकलाप हेर्दा त्रिपूरा सुन्दरी–भैरव स्थानको विशेष पूजा एकादशीको खड्गजात्रामा थामी जातीहरुको क्रियाकलाप र पूजाआजा हेर्दा उनीहरुको भूमिका पूरा नै भएको पाईन्छ ।

किंरातकालाई सम्झाउने थामीहरुको पूजा आजा छ । किंरातीहरुको किंराती छाप भन्ने मानव निर्मित स्थान छ । उनीहरुको राजधानी त्यही हुन सक्दछ । राई–लिम्बु, सुनुवार, याख्खाहरुको पहिलो राजा यलम्बर थिए । चार नागहरुद्वार मन्दिरको चारमा सुरमा मन्दिर सुरक्षामा खटिएको जस्तो देखिन्छ । यसैगरी पश्चिममा पितलको झण्डा, पत्थरको खम्वा अग्लो छ र त्रिशुल र घण्टहरु आदि छन् यहां असंख्यदेव देवी भएको पाइयो । प्राकृतिक छठाले भरिपुर्ण दोलखा पर्यटकीय हिसावले पनि हेर्नलायक छ । दोलखा स्वतन्त्र राज्य थियो । यहाँ हिन्दुहरु तथा बौद्दमार्गीहरुको तीर्थ स्थल हो । भिमेश्वरको शिलालाई देवादीदेव सहश्रु अवतार श्री भीमेश्वर भीमसेन श्रीभीमा शंकर ज्योतिर्लिङ्ग आदि शक्ति, महाशक्ति, परमशक्ति, निरञ्जन निराकार मानिन्छ ।

भीमेश्वर उत्पत्तीका बारेमा धेरै किंवदन्तीहरु पाईन्छ । यो समयमा तिब्बतदेखि वर्तमान भारत सम्म व्यापारिक मार्ग दोलखा, रामेछाप, सिन्धुली हुँदै जनकपुर निस्केर व्यापार गर्न जानेको इतिहास पाइन्छ । रामेछाप, दोलखा आदि स्थानमा भएको पदमार्गमा राखिएको ढुङ्गाको सिंढी तत्कालिन अवस्था कै हुन सक्तछ । भारए बोकेर भरियाहरु आ–आफना व्यापरिक सामान लिएर आउने थिए, यहाँ आइपुग्दा भरियाहरुको एक समूह खाना बनाउन ढुङ्गाहरुको चम्को मिलाई चुल्होमा खाना बनाउन आगो बाली बसाल्थे । तर, धेरैवेरसम्म पनि भोजन पाकेन, केही पाकेको पनि पुरै काचो भयो । अरु चुल्होमा पाकेर भोजन गरि हिड्थे, तरखर गर्दा पनि एउटा चुल्लोमा मात्र नपाकेको भएकोले रिसाएर पन्युले ढुंङ्गालाई हान्दा ढुङ्गा चोइटिएर गएछ र त्यहाँबाट रगत दुध बग्न थालेछ । तबत डराएर दुबै हातजोडी प्रार्थना गर्न लागे ।

अब के गर्ने भनि रहँदा यहाँ एक मन्दिर निर्माण गर्ने र आश्विन शुक्ल नवदुर्गापक्षको काल रात्रिमा आएर बाह्र बोकाको वलि पूजासहित दिने संकल्प गर्दै बाटो लागे ।

श्रोत :
१: घटराज भट्टराई नेपालका धर्मिक स्थलहरु
२: केदार प्रसाद न्यौपाने बागमति प्रदेशका किल्ला गढीहरु
३: दोलखा भीमेश्वर गुठी व्यवस्थापन समिति भीमेश्वर नगरपालिका ।

: समाप्त :

---

# राष्ट्र बैंकलाई सुझाव

✍वसन्त पराजुली

नेपालको अर्थतन्त्रमा वित्तीय नीति (बजेट) र मौद्रिक नीतिबीचको समन्वय सधैं नै संवेदन शील विषय रहँदै आएको छ । यी दुई नीति एउटै रथका दुई पाङ्ग्रा हुन्, जसको सन्तुलित गतिबिना आर्थिक गन्तव्य सुरक्षित हुन सक्दैन । सरकारले नयाँ परिदृष्य, कर्मचारीको तलब वृद्धि र आर्थिक शिथिलतालाई सम्बोधन गर्न ठूलो आकारको बजेट ल्याएको छ । यस पटकको बजेटले देशको आर्थिक मेरुदण्डका रूपमा रहेको मध्यमवर्ग, साना उद्यमी र जागिरे वर्गलाई विशेष राहत दिने रणनीति लिएको देखिन्छ । सरकारले बजेट सार्वजनिक गरिसकेको अवस्थामा अब वित्तीय तथा मौद्रिक नीतिबीच समन्वय कायम गर्दै आर्थिक गतिविधि विस्तार, निजी क्षेत्रको मनोबल वृद्धि र वित्तीय स्थायित्वलाई केन्द्रमा राखेर राष्ट्र बैंकले नयाँ मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता छ ।

बजेटको प्राविधिक बनोटलाई विश्लेषण गर्दा यसमा चालु खर्चको हिस्सा ठूलो छ, जसले प्रशासनिक भारलाई देखाउँछ । यसको विपरीत, उत्पादनशील क्षमता बढाउने पुँजीगत बजेट अत्यन्तै न्यून छ । वर्तमान शिथिल बजारको अवस्थामा राजस्व संकलनको महत्वाकांक्षी लक्ष्य भेट्टाउन चुनौतीपूर्ण देखिन्छ । बाँकी स्रोतका लागि आन्तरिक ऋण उठाइनेछ । बजारबाट विशाल आन्तरिक ऋण उठाउँदा बैंकिङ प्रणालीमा रहेको लगानीयोग्य रकम सरकारतर्फ तानिने र निजी क्षेत्रका लागि ऋणको अभाव अर्थात् क्राउडिङ आउट हुने निश्चित छ । क्राउडिङ आउट भन्नाले सरकारले बजार बाट धेरै ऋण उठाउँदा बैंकहरूसँग निजी क्षेत्रमा लगानी गर्नका लागि रकमको अभाव हुने अवस्था लाई बुझाउँछ । यसले बजारमा तरलता संकुचन गराई ब्याजदर बढाउन सक्ने भएकाले राष्ट्र बैंकले आगामी मौद्रिक नीतिमार्फत् खुला बजार कारोबार र नीतिगत दरहरूमा लचकता अपनाउनु पहिलो प्राथमिकता हुन आउँछ ।

बजेटको सबल पक्ष भनेको यसले आर्थिक गतिविधि चलायमान बनाउने मुख्य इन्जिन मानिएको मध्यमवर्ग र राष्ट्रसेवक कर्मचारीलाई समेट्नु हो । कर्मचारीको तलबमा गरिएको वृद्धिले मध्यमवर्गीय परिवारको क्रयशक्ति बढाउन र बजारमा माग सिर्जना गर्न सकारात्मक भूमिका खेल्ने अपेक्षा छ । तर, बजेटको ठूलो आकारका कारण बजारमा आउन सक्ने कृत्रिम महँगीले मध्यमवर्गको वास्तविक आम्दानीलाई निलेर फाल्न नपाओस् भन्नका लागि केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत् मूल्य स्थिरता कायम गर्न नियामकीय क्षमता प्रयोग गर्नुपर्छ ।

नेपालमा साना तथा मझौला उद्योग र खुद्रा व्यापारमा आबद्ध मध्यमवर्ग नै बजार सुस्तीको मारमा छ । बजेटले व्यवसाय गर्ने वातावरण सुधार्ने कुरा गरे पनि साना व्यापारीहरू अझै पनि चालु पुँजी कर्जा मार्गदर्शनका कडा प्रावधानहरूमा अल्झिएका छन् । अर्थतन्त्रलाई तल्लो तहदेखि चलायमान बनाउन यो मार्गदर्शनलाई अझ व्यावहारिक र व्यवसायमैत्री बनाउनुपर्छ । साना उद्योगहरूको व्यावसायिक लागत घटाउन र वित्तीय पहुँच पुऱ्याउन डिजिटल बैंकिङ र फिन टेकको विकासमा थप प्रोत्साहन ल्याउनु आवश्यक देखिन्छ । फिनटेक भन्नाले वित्तीय सेवाहरूलाई अझ सरल, छिटो र प्रविधिमैत्री बनाउनका लागि प्रयोग गरिने डिजिटल प्रविधिलाई बुझाउँछ ।

डिजिटल अर्थतन्त्र र फिनटेकको विकासले मध्यमवर्गीय र साना व्यवसायीहरूमा सकारात्मक प्रभाव पारेको छ । देशमा नगदरहित कारोबार, क्युआर कोड भुक्तानी र अनलाइन बैंकिङको विस्तार तीव्ररूपमा भइरहँदा जनताको दैनिक आर्थिक क्रियाकलाप थप सहज र सुरक्षित बन्दै गएको छ । आफ्नो व्यवसाय सञ्चालन गर्न यो डिजिटल प्रविधि कोसेढुङ्गा साबित भएको छ । तर, बजेटले डिजिटल भुक्तानी प्रणालीलाई अन्तर्राष्ट्रियस्तरमा जोड्ने र राष्ट्रिय भुक्तानी गेटवेलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने ठोस कार्यक्रम समेट्न सकेन । यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले आगामी मौद्रिक नीतिमार्फत साइबर जोखिम र अनलाइन ठगीहरू रोक्न सुरक्षा प्रणाली कसिलो बनाउने, डिजिटल बैंकिङ लाइसेन्स र वित्तीय साक्षरताको दायरा विस्तार गर्ने तथा साना व्यवसायीका लागि डिजिटल कारोबार शुल्कमा सहुलियत दिने नीति मञ्जुर गर्नुपर्छ ।

यसका साथै, मध्यमवर्गीय परिवारको आर्थिक जग वैदेशिक रोजगारीको रेमिटेन्समा टिकेको छ, तर यो पैसा उत्पादनमूलक क्षेत्रमा खर्च हुन सकेको छैन । देशभित्र रोजगारीको अवसर नदेखेर ऊर्जावान् युवाहरू दैनिकरूपमा बाहिरिदै छन् । बजेटले युवा पलायन रोक्ने र स्वदेशमै उद्यमशीलता विकास गर्ने ठोस कार्यक्रम ल्याउन सकेन । अब राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् रेमिटेन्सलाई सोझै उत्पादनमूलक क्षेत्र, जलविद्युत र कृषि उद्योगमा लगानी गर्न प्रोत्साहन गर्ने विशेष रेमिटेन्स बन्ड वा वित्तीय उपकरणहरू ल्याउनु पर्छ । विदेशबाट फर्केका युवाहरूलाई उनीहरूको सीपका आधारमा बिनाधितो वा न्यूनतम धितोमा सरल ब्याजदरमा स्टार्टअप अर्थात् उद्यम शीलता कर्जा दिने ठोस व्यवस्था समेटिनु पर्छ ।

वर्तमान समयमा आन्तरिक बजारको सुस्तीका कारण बैंकहरूमा खराब कर्जाको मात्रा निरन्तर बढ्दै गएको देखिन्छ, जसले वित्तीय प्रणालीमा ठूलो दबाब सिर्जना गरेको छ । मौद्रिक नीतिले मन्दीका कारण समस्यामा परेका असल साना व्यवसायी र मध्यमवर्गीय उद्यमीहरूलाई राहत दिन निश्चित अवधिका लागि कर्जा पुनर्संरचना र पुनरतालिकीकरणको व्यावहारिक सुविधा दिनु आवश्यक छ । मध्यमवर्गका लागि ऋणको ब्याजदरलाई एकल अंकमा राख्न बैंकहरूको कसिलो स्प्रेड रेट (निक्षेप र कर्जाको ब्याजदरबीचको अन्तर) र बेस रेट (आधार दर) व्यवस्थापनमा थप कडाइ गरिनुपर्छ ।

वित्तीय नीतिले मध्यमवर्गलाई विशेष ध्यान दिए पनि गरिब तथा उच्च वर्ग भने अलिकति ओझेलमा परेका देखिन्छन् । यो खाडल पुर्दै राष्ट्र बैंकले अब आउने मौद्रिक नीतिमार्फत् गरिब र उच्च दुवैवर्गलाई बढावा दिने व्यवस्थाहरू समेट्नु अपरिहार्य देखिन्छ । न्यून आय भएका नागरिक र किसानहरूलाई आर्थिकरूपमा अगाडि बढाउन मौद्रिक नीतिले बिनाधितो वा सामूहिक जमानीमा अति सरल ब्याजदरमा कर्जा उपलब्ध गराउने नीति ल्याउनुपर्छ । लागि सहुलियतपूर्ण लघु-वित्तीय कार्यक्रम र कर्जा प्रबन्ध गरेर उनीहरूलाई आर्थिकरूपमा आत्मनिर्भर बनाउनुपर्छ । मध्यमवर्ग केन्द्रित कार्यदिशालाई साकार पार्दै, ओझेलमा परेका गरिब, त्रसित बनेका उच्च वर्ग र दिगो विकासका वातावरणीय सवालहरूलाई समेत सम्बोधन गरेर राष्ट्र बैंकले एउटा व्यावहारिक र सन्तुलित मौद्रिक नीति सार्वजनिक गर्नु नै आजको राष्ट्रिय आवश्यकता हो । निर्माणका लागि देशका विभिन्न क्षेत्र र सरोकारवाला लेखक तथा बौद्धिक कोणहरूबाट रचनात्मक राय, सल्लाह र तोकिदिएकोमा राष्ट्र बैंकप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्छु ।

*साभार : कारोबार दैनिक*

# पूर्वपत्नी जेसियासँगको डिभोर्सबारे अर्जुन रामपालको भावुक खुलासा



मुम्बई/बलिउडका चर्चित अभिनेता अर्जुन रामपालले मोडल मेहर जेसियासँग भएको आफ्नो सम्बन्धविच्छेद र त्यस क्रममा झेल्नु परेको मानसिक तथा पारिवारिक संकटका बारेमा पहिलो पटक खुला रूपमा कुराकानी गरेका छन् ।

युट्युब शो 'क्यान्सिल्ड टु क्राउन' मा अन्तर्वार्ता दिँदै अर्जुनले मेहरसँग अलग हुनुपर्दाको समय आफ्नो जिन्दगीकै सबैभन्दा कठिन र एक्लोपनले भरिएको कालखण्ड भएको बताएका हुन् ।

अन्तर्वार्ताका क्रममा आफ्ना पुराना दिनहरू सम्झिँदै अर्जुनले आफूभित्रको छटपटी र दुःख पोखेका छन् । एकतर्फ उनको दुई दशक लामो वैवाहिक सम्बन्ध टुट्दै थियो भने अर्कातर्फ उनकी आमा क्यान्सर सँग जीवन र मरणको लडाइँ लडिरहेकी थिइन् ।

अर्जुनले शोमा भनेका छन्, 'मलाई लाग्छ मैले सबैभन्दा बढी एक्लोपन त्यतिबेला महसुस गरेँ, जब म आफैँसँग जोडिन सकिरहेको थिइनँ । मेरो वैवाहिक जीवन सफल भइरहेको थिएन । माया सधैँ एकैनासको रहँदैन र जिन्दगीमा केही पनि स्थायी छैन भन्ने कुरा देख्नु निकै दुःखद थियो । त्यो मेरो जीवनको सबैभन्दा अन्धकारमय समय थियो । त्यही बेला मेरी आमा क्यान्सरबाट पीडित हुनुहुन्थ्यो र मैले उहाँलाई गुमाउँदै थिएँ । मेरा पिताको निधन पनि त्यसको तीन वर्षअघि मात्र भएको थियो । मैले आफ्ना साथीभाइ र ती तमाम चिजहरू गुमाउँदै थिएँ, जसलाई पाउनका लागि मैले जीवन भर कडा मिहिनेत गरेको थिएँ ।'

यस्तो ठुलो पारिवारिक र व्यक्तिगत उतारचढावका बिच अर्जुनको जीवनमा मोडल तथा फेसन डिजाइनर ग्याब्रिएला डेमेट्रिएड्सको आगमन भयो । आँधीबेहरी जस्तो बनेको त्यो कठिन समयमा ग्याब्रिएलाले आफूलाई एउटा बलियो खम्बा र सहारा बनेर साथ दिएको अर्जुनले बताएका छन् ।

ग्याब्रिएला आफैँ पनि त्यतिबेला एउटा गाह्रो परिस्थितिबाट गुज्रिरहेकी थिइन् । आफूहरू दुवैजना एउटा ठुलो भुमरीको बिचमा रहेको र मिलेर त्यसको सामना गरेको बताउँदै अर्जुनले भनेका छन्, 'ग्याब्रिएला मेरो जिन्दगीमा एउटा बलियो सहारा बनेर आइन् । राम्रो भयो कि हामीले त्यो मुस्किल समयको सामना सँगै मिलेर गर्‍यौँ र त्यसपछि मात्र जिन्दगीमा खुसी हरू फर्किए ।' ग्याब्रिएला जस्ती जीवनसाथी पाउनुलाई उनी आफ्नो भाग्य ठान्छन् ।

अर्जुन रामपालले सन् १९९८ मा पूर्व मिस इन्डिया एवं सुपर मोडल मेहर जेसियासँग विवाह गरेका थिए । मोडलिङका दिनहरूमा भेट भएका उनीहरू झन्डै २० वर्षसम्म सँगै रहेपछि सन् २०१८ मा अलग हुने घोषणा गर्न पुगेका थिए ।

सन् २०१९ को नोभेम्बरमा उनीहरूबीच कानुनीरूपमा सम्बन्ध विच्छेद भएको थियो । यो जोडीबाट दुई छोरीहरू माहिका र मायरा छन्, जो अहिले आमा मेहरसँगै बस्छन् ।

मेहरसँग अलग भएपछि सन् २०१८ मा एक साझा साथीमार्फत अर्जुन र ग्याब्रिएलाको भेट भएको थियो । अहिले अर्जुन र ग्याब्रिएलाका दुई छोराहरू छन्, जसको जन्म सन् २०१७ र २०२३ मा भएको हो । सन् २०२५ को डिसेम्बरमा रिया चक्रवर्तीको पडकास्टमा उनीहरूले आफूहरूबिच इन्गेजमेन्ट भइसकेको कुरा पनि सार्वजनिक गरेका थिए ।

लामो समय पर्दाबाट ओझेल परेका अर्जुन रामपाल पछिल्लो समय व्यावसायिकरूपमा पनि सफल देखिएका छन् । उनी अभिनित निर्देशक आदित्य धरको चलचित्र 'धुरन्धर' र त्यसको सिक्वेल 'धुरन्धर : द रिभेन्ज' बक्स अफिसमा निकै सफल साबित भए ।

यस चलचित्रमा उनले निभाएको एक क्रूर आईएसआई एजेन्ट मेजर इकबालको नकारात्मक भूमिकालाई दर्शक र समीक्षक दुवैले निकै रुचाएका छन् र यसै चलचित्रको सफलताले अर्जुनलाई पुनः चर्चाको शिखरमा फर्काएको छ ।

# जिल्लास्तरीय खुला तेक्वान्दोमा ४५० खेलाडी



नेपालगन्ज/बाँकेको कोहलपुर -१०, चटारस्थित बागेश्वरी एकेडेमीको आयोजनामा शनिबारदेखि जिल्लास्तरीय खुला तेक्वान्दो च्याम्पियनसिप सुरु भएको छ ।

प्रतियोगितामा जिल्लाभरका ५९ वटा डोजाङबाट ४५० भन्दा बढी खेलाडी सहभागी रहेको जनाउँदै विद्यालयका प्रधानाध्यापक श्रीधर गोराथोकीले यो एउटा प्रतियोगिता मात्र नभई खेलकुदको महोत्सव भएको बताए ।

प्रतियोगिताको उद्धाटन गर्दै कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यले निजी क्षेत्रबाट आयोजित यस्ता खेलकुद प्रतियोगितामा यति धेरै खेलाडी सहभागी हुनु अतिनै उत्साहजनक भएको बताए । उनले यस्ता खेलकुद प्रतियोगिताले बालबालिकाको समग्र विकासका लागि अत्यन्त सकारात्मक कार्य गर्ने जनाए ।

दुई दिनसम्म सञ्चालन हुने सो प्रतियोगिताअन्तर्गत विद्यालय प्राङ्गणका तीन फरक क्षेत्रमा खेल सञ्चालन भइरहेको छ । प्रतियोगिताको सम्पूर्ण खर्च विद्यालयले बेहोरको जनाइएको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रमाणपत्र, मेडल तथा शिल्ड प्रदान गरिने छ ।

विद्यालयका सञ्चालक समिति अध्यक्ष किशन गुरुङको अध्यक्षतामा सम्पन्न उदघाटन कार्यक्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङ, नगर शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रविलाल मिजार, इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरिक्षक चक्रबहादुर डम्मर पाल, तेक्वान्दो संघ लुम्बिनी प्रदेश संयोजक बुद्धिबहादुर थापा, सचिव प्रेमबहादुर आले, नगर खेलकुद संयोजक चक्र चिमाला क्षेत्री, तेक्वान्दो संघ बाँकेका कोषाध्यक्ष प्रेम पुन, कराते महासंघ बाँकेका अध्यक्ष सन्तोष शाहलगायतको सहभागिता रहेको थियो ।

# पाराग्वेविरुद्ध अमेरिकाको सानदार जित



काठमाडौँ/आयोजक अमेरिकाले फिफा विश्वकप-२०२६ को पहिलो खेलमा पाराग्वेविरुद्ध सानदार जित निकालेको छ ।

लस एन्जलस रङ्गशालामा शनिबार बिहान भएको खेलमा अमेरिकाले पाराग्वेलाई ४-१ गोलले हरायो । विश्वकपमा अमेरिकाले पहिलो पटक एकै खेलमा चार गोल गरेको हो ।

अमेरिकाको जितमा फोलारिन बालोगुनले दुई तथा जियोभानी रेयनाले एक गोल गर्नुभयो । अमेरिकाले अर्को गोल पाराग्वेबाट आत्मघाती उपहार पाएको थियो । पाराग्वेका लागि मौरिसियोले सान्त्वना गोल गरेका थिए ।

अमेरिकाले सातौँ मिनेटमा विपक्षी डामियन बोबाडिलाको आत्मघाती गोलमा सुरुवाती अग्रता लिएको थियो । त्यसपछि बालोगुनले ३१औँ र पहिलो हाफको इन्जुरी समयमा गोल गर्दै टोलीको अग्रता फराकिलो बताए ।

७३औँ मिनेटमा पाराग्वेका मौरिसियोले गोल गर्दै पाहुना टोलीलाई खेलमा फर्काउने प्रयास गरे । तर दोस्रो हाफको इन्जुरी सकयमा रेयनाले गोल गर्दै अमेरिकालाई सजिलै जिताए ।

अमेरिकाले पहिलो जितसँगै समूह 'डी' मा तीन अङ्क बनाएको छ । पराजित पाराग्वेले हारबाट विश्वकपको सुरुवात गरेको छ । यस समूहमा अस्ट्रेलिया र टर्की पनि रहेको छ ।

# 'लालीबजार' ले कोपनहेगनबाट थाल्दैछ डायस्पोरा प्रदर्शन



काठमाडौँ/षट्कोण आर्ट्सको कथानक फिल्म 'लालीबजार'ले युरोपेली मुलुक डेनमार्कबाट डायस्पोरा प्रदर्शन थाल्ने भएको छ । निर्माताले शुक्रबार विज्ञप्तिमार्फत ५, ६ र ७ असारमा कोपनहेगनमा प्रदर्शन हुने जनाएका हुन् ।

निर्माता म्याक्स दिपेश खत्रीले युरोपबाट विदेश टूर थाल्न लागिएको जनाए । 'नेपालमा दर्शकको माया पाएसँगै विदेश प्रदर्शन कहिले हुन्छ भन्ने हामीलाई जिज्ञासा आइरहेको थियो । अन्ततः हामीले युरोपको डेनमार्कबाट प्रदर्शनी सुरू गर्दैछौँ । अन्य देशमा समेत हामीले छिटै प्रदर्शन हुने तालिका तय गर्दैछौँ', निर्माता खत्रीले भने ।

नेपालमा भने यो फिल्म छैटौं सातामा प्रदर्शन भैरहेको छ । शिक्षाको ज्योतिले समाजमा पर्ने प्रभावलाई फिल्म चित्रण गरिएको र दर्शकले मन पराउनुभएको जानकारी उनले दिए ।

फिल्मलाई लिएर प्रदर्शनको क्रममा कानुनी झमेला आएपछि विदेश प्रदर्शन प्रभावित बनेको थियो

# क्यानडा र बोस्निया हर्जगोभिनाको बराबरी



काठमाडौँ/फिफा विश्वकप-२०२६ मा सहआयोजक क्यानडाले बोस्निया हर्जगोभिनासँग बराबरी खेल्दै अङ्क बाँडेको छ ।

समूह 'बी'अन्तर्गत टोरन्टो स्टेडियममा शुक्रबार राति भएको खेलमा क्यानडा र बोस्निया हर्जगोभिनाले १-१ गोलको बराबरी खेले । प्रतिस्पर्धात्मक खेलमा सुरुवाती अग्रता बोस्निया हर्जगोभिनाले लिएको थियो ।

२१औँ मिनेटमा जोभो लुकिकले गोल गर्दै पाहुना टोलीको उत्साह जगाएका थिए । त्यसपछि जोसिएको क्यानडाले दोस्रो हाफको मध्यतिर पुगेर बराबरी गोल गरेको थियो । क्यानडाका लागि साइल लारिनले ७८औँ मिनेटमा गोल गर्नुभयो ।

उहाँ बैकल्पिक खेलाडीको रूपमा तीन मिनेट अगाडि मात्र मैदान प्रवेश गर्नुभएको थियो । पहिलो बराबरीसँगै दुवै टोलीले एक एक अंक बाँडेका छन् । यस समूहमा कतार र स्विट्जरल्यान्ड पनि रहेको फिफाले जनाएको छ ।

# बाली लगाउनुअघि नै समर्थन मूल्य

**काठमाडौं/कृषि, वन तथा वातावरण मन्त्रालयले प्रमुख खाद्यान्न बालीको न्यूनतम् समर्थन मूल्य (एमएसपी) तथा न्यूनतम् खरिद मूल्य निर्धारणका लागि निर्देशिका जारी गर्दै बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने व्यवस्था लागु गरेको जनाएको छ ।**

मन्त्रालयका अनुसार सरकारका १ सय बुँदे शासकीय सुधार कार्यक्रम अन्तर्गत् प्रमुख खाद्यान्न बालीको एमएसपी निर्धारणसम्बन्धि कार्य सम्पन्न भएको हो । यसका लागि न्यूनतम् समर्थन मूल्य र न्यूनतम् खरिद मूल्य निर्धारणसम्बन्धि निर्देशिका, २०८२ जारी गरिएको छ । उक्त निर्देशिका बैशाख १६ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भइ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गरिएको तथा मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ ।

कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले निर्देशिका अनुसार बाली लगाउनुअघि नै न्यूनतम् समर्थन मूल्य निर्धारण हुने भएकाले किसानले आफ्नो लागत, सम्भावित आम्दानी र बजार अवस्थाका आधारमा बाली छनौट गर्न सक्ने बताइन् । 'किसानले पाउने मूल्य पहिले नै निर्धारण भएपछि सोही आधारमा उक्त बाली लगाउने वा अन्य विकल्प रोज्ने विषयमा निर्णय गर्न सक्नुहुन्छ,' उनले भनिन् । आर्थिक वर्ष २०८२/०८३ का लागि गहुँ र चैतेधानको न्यूनतम् समर्थन मूल्य मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ । आव २०८३/०८४ का लागि वर्षे धानको न्यूनतम् समर्थन मूल्य जेठ ११ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्धारण गरेको छ ।

मन्त्रिपरिषद् निर्णयअनुसार मोटा धानको न्यूनतम् समर्थन मूल्य प्रतिक्वीन्टल तीन हजार ६ सय ६० र मध्यम धानको प्रतिक्वीन्टल तीन हजार ८ सय ६० कायम गरिएको छ । मन्त्रालयले आगामी आर्थिक वर्षका लागि वर्षे मकैको न्यूनतम् समर्थन मूल्य निर्धारण प्रक्रिया पनि अघि बढाएको जनाएको छ । यसअघि वर्षे मकैको समर्थन मूल्य तोक्ने व्यवस्था नभएको उल्लेख गर्दै मन्त्रालयले फागुन मसान्तभित्र मूल्य निर्धारणसम्बन्धि प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ । उखुको हकमा आर्थिक वर्ष २०८२/०८३ का लागि न्यूनतम् खरिद मूल्य मन्त्रिपरिषद्को २०८२ मंसिर २२ गतेको निर्णयबाट निर्धारण भइसकेको छ । आव २०८३/०८४ का लागि उखुको न्यूनतम् खरिद मूल्य सम्बन्धि प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिने मन्त्रालयले जनाएको छ ।

# सूचना नदिइ कर्मचारीहरुद्वारा उल्टै धम्की

बुटवल/पाल्पाको तिनाउ गाउँपालिकामा सेवाग्राही आवेदकले सार्वजनिक चासोको विषयसँग सम्बन्धित रहेको संविधानमा रहेको सूचनाको हकसँग सम्बन्धित रहेर दिएको निवेदनअनुसार सूचना नदिइ कर्मचारीहरुले धाकधम्की दिएको रहस्य खुलेको छ ।

सेवाग्राहीले ६ महिनाअगाडि दिएको निवेदन पटकपटक पालिका जाँदा र फोन गर्दासमेत लगातार ५ पटक कार्यालयमै स्वयम् उपस्थित भएर माग गर्दासमेत सूचना उपलब्ध नगराइ उल्टै धम्की दिइएको छ । आवेदकले पटकपटक सूचना माग गरी उपलब्ध गराइदिन भन्दा 'हामी दिन सक्दैनौं, जे मन लाग्छ गर्नुस् । माथिल्लो निकायमा जानुस्,' जस्ता धाकधम्की समेत दिएको पाइएको छ । लेखामा कार्यरत् अधिकृत, सूचना अधिकारी र कार्यालय प्रमुख मिलेर उक्त कार्य गरिएको सेवाग्राहीले गुनासो गरेका छन् ।

*६ महिनासम्म उपलब्ध भएन सूचना*

आवेदकले छ महिनाअगाडि दर्ता गराएको सूचना उपलब्ध गराएको छैन । सेवाग्राहीले निवेदन दर्ता गराएको निमित्त कार्यालय प्रमुख तथा सूचना अधिकारी लक्ष्मी कुँवरले कार्यालय प्रमुख बिदाबाट आएलगत्तै सोधेर/खोजेर उपलब्ध गराउँछु भनी प्रतिबद्धता व्यक्त गरेकी थिइन् । तर, उनले पछि पटकपटक फोन गर्दा कहिले फोन नउठाउने, फोन उठाइहाले उपलब्ध गराउँछु भन्ने तर नदिने गरेको गुनासो सेवाग्राहीले गरे । कार्यालयमा पाँच पटक धाउँदा, दर्जन पटक कल गर्दासमेत उपलब्ध नगराएको सेवाग्राहीले गुनासो गरे । विद्यालयमा संघसंस्थासम्बन्धि केही वर्षअगाडि सर्वदलीय बैठक बसी गरिएको निर्णयको प्रतिलिपि सूचना संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धि ऐन २०६४ को दफा ७ को उपदफा १ बमोजिम माग गरिएको थियो । कार्यालय जाँदा मोबाइल अफ गरेर बेपत्ता हुने, भेटिहाले कार्यालय प्रमुखलाई सोधेर दिन्छु भन्ने तर सूचना उपलब्ध नगराइ ढिलासुस्ती गरेको गुनासो छ ।

*सेवाग्राहीलाई प्रलोभन*

सेवाग्राहीले पटकपटक ताकेता गरेपछि लेखा अधिकृत शंकर पुरी र कार्यालय प्रमुख दिनेश सारु मिलेर तपाईलाई के चाहिएको भन्दै एकल स्थानमा लगेर प्रलोभन दिने प्रयास गरेको उनले बताए । सेवाग्राहीका अनुसार कार्यालय प्रमुख सारुले कार्यकक्षमै दुई पटक, लेखा अधिकृत पुरीले अध्यक्षको कार्यकक्षमा राखेर प्रलोभन दिने प्रयास गरे । आफू कुनै प्रलोभन र आश्वासनमा नफसी निर्भिकतासाथ आफ्नो काम जे हो, त्यो समयमा काम गरिदिन आग्रह गरेको बताए । कार्यालय प्रमुख सारुले सेवाग्राही कार्यालयमा गइ कार्यसम्पादन के भयो भनी सोध्दा फोनबाट उनले तपाईलाई चाहिएको के भनी सोधे । सेवाग्राहीले मलाई मेरो सूचनाको हक र मेरो कागजात चाहियो भनी भनेपछि दश मिनेटमा उपलब्ध गराउँछु भने । त्यसपछि कार्यकक्षमा भेट्दा दश मिनेट त के उल्टै प्रलोभन र धम्की दिएको सेवाग्राहीले बताएका छन् ।

*लेखा र कार्यालय प्रमुख मिलेर धम्की*

सेवाग्राहीका अनुसार जेठ २८ र २९ गते लगातार चौथो र पाँचौं पटक कार्यालय जाँदासमेत सूचना उपलब्ध नगराएपछि तपाईंले कि दिन्छु भन्नुस् कि त दिन्न भन्नुस्, छ महिनासम्म नदिनुको कारण के, सेवाग्राहीलाई अनावश्यक दुःख दिनुको कारण के, सबै सेवाग्राहीलाई यस्तै दुःख हुन्छ त यही हो सर सुशासन, हामीले सुशासनको अनुभूति कसरी गर्ने भनी सोध्दा लेखा अधिकृत पुरी र कार्यालय प्रमुख सारु मिलेर पालैपालो हामीले पनि बुझेका छौं, जानेका छौं, चिनेका छौं, हामी दिँदैनौं, तपाई माथिल्लो निकायमा जानुस्, जे गर्न मन छ गर्नुस् भनी धम्की दिएको गुनासो सेवाग्राहीले गरे । सेवाग्राहीले भने हामीले चाहेको सुशासन यस्तो हो र, तपाईंहरु नागरिकप्रति जवाफदेही नभएर को हुन्छ त, यतिका महिनासम्म पटकपटक म कार्यालय आएँ, कल गरे, सूचना उपलब्ध हुँदैन । हामीले कस्तो सुशासनको अपेक्षा गर्ने भनी प्रश्न गर्दा जवाफ नदिएको बताए । उल्टै हामीले हाम्रो ठाउँमा जवाफ दिन्छौं । तपाई माथिल्लो तहमा जानुस् भनी धम्की दिएको बताए । माथिल्लो निकाय कहाँ हो, पत्र बनाइदिनुस् म जान्छु भन्दा फेरि जवाफ नदिएको पीडितले बताए ।

*सुशासनमा कर्मचारी बाधक*

सेवाग्राहीका अनुसार यस्तो सुशासनको अपेक्षा गरेका थिएनौं । कर्मचारीको प्रवृत्ति हालसम्म उस्तै कायम रहेको उनले बताए । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे ल्याए पनि कर्मचारीतन्त्रले नै सबै बिगारेको, सुशासन र नागरिक सेवामा कर्मचारी नै जटिल र बाधक बनेर आएको आरोप समेत उनले लगाए ।

*तेस्रो बागमती प्रदेश खेलकुद*

# महिला फुटबल टोली घोषणा

हेटौंडा/आगामी असार १ गतेदेखि सुरु हुने लागेको तेस्रो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगिताका लागि मकवानपुर टोली घोषणा गरिएको छ । एन्फा मकवानपुरको महिला फुटबल टिमका प्रमुख प्रशिक्षकसमेत रहेका हेटौंडा फुटबल एकेडेमीका संस्थापक अध्यक्ष तथा प्रशिक्षक भीम लामाले १८ जना महिला फुटबल टोलीको नाम सार्वजानिक गरेका हुन् ।

सार्वजानिक गरिएको महिला टोलीको सूचीअनुसार अन्तर्राष्ट्रियस्तरको साफ च्याम्पियनसीप फुटबलमा सहभागी भएकी सजिना स्याङ्तानको कप्तानीमा टोलीको घोषणा गरिएको छ ।

महिलातर्फको फुटबलमा मकवानपुर स्वर्ण पदक जित्ने लक्ष्यसहितको योजना बनाइएको प्रशिक्षक लामाले बताए । प्रदेश खेलकुदको मिति सार्वजानिक भएदेखि महिला टिमलाई त्यस अनुरुपको प्रशिक्षण गराइरहेको उनले बताए । महिला फुटबल प्रतियोगिता हेटौंडा-५,स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । फुटबल प्रतियोगितामा मकवानपुरको तर्फबाट टिम म्यानेजरको भूमिक किशन दासले निर्वाह गर्नेछन् ।

मकवानपुरमा कप्तान सजिना स्याङ्तान, खुशी थिङ, मनमाया मोक्तान, प्रिन्सीका वाइबा, गोलरक्षक रितु पण्डित, प्रिन्सीका वाइबा, कृष्मा बोलन, स्वेच्छा गोपाली, संध्या कार्की, लामीन बोम्जन, लक्ष्मी लामा र जलसा घिमिरे रहेकी छिन् । यस्तै, जलसा घिमिरे, सरिता तामाङ, सरिता तामाङ, संस्कृति बानियां, सुनाम पाखिन, सलिना तामाङ,कोपिला लामा, श्रृजना सिङताङ र सम्वृद्धि लामा रहेका छन् ।

यसअघि नै प्रदेशले खेलकुद प्रतियोगिता २४ गतेदेखि २७ गतेसम्म गर्ने भनेर नियम तय गरेता पनि स्थगित गरेर नयाँ मिति सार्वजानिक गरिएको हो ।

# टोविस रनिङ शिल्ड फुटबल



हेटौडा उपमहानगरपालिका वडा नं १७ को प्रयोजन र खेलकुद विकास समिति हेटौडा १७ को आयोजना शुक्रबारदेखि टोलबिकास संस्थास्तरीय वडा अध्यक्ष कप नकआउट रनिङ शिल्ड फुटबल प्रतियोगिता सुरु भएके छ ।

हेटौडा-१७ को लक्ष्मीपुर चौर खेल मैदान मा शुत्रबारादेखि ३१ गतेसम्म सञ्चालन हुनेछ ।

खेलकुद विकास समिति हेटौडाका सचिव तथा प्रतियोगिता संयोजक भोजराज पराजुलीको सभाध्यक्षतामा भएको उद्घाटनमा हेटौडा उपमहानगर पालिका वडा नं १७ वडा अध्यक्ष उद्धब सत्यालको प्रमुख आतिथ्यता भएको थियो ।

कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) मकवानपुरका महासचिव छवि सुवेदी, अस्थायी प्रहरी चौकी हटियाका प्रहरी सहायक निरीक्षक, ज्ञानज्योती युवा क्लबका कोषाध्यक्ष सुबास फुंयाल, समाजसेवी एवम् खेलप्रेमी व्यक्तित्व हरु, टोल विकास संस्थाका अध्यक्ष र प्रतिनिधि हरुको आतिथ्यता थियो ।

प्रतियोगितामा ११ वटा टोविस टिमले सहभागीता जनाएका छन् ।

प्रतियोगितामा बिजेता टिमले ५१ हजार ०५१, उपविजेताले ३१ हजार ३१ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

यसैबिच शुक्रबार भएको पहिलो खेलमा गंगटे पुवालेले १ गोल गर्दै बिजेता बनेको छ भने दोश्रो खेल नेपालचौर र अंगरेश्वरले १/१/ गोलसहित बराबरीमा पुगेपछि ट्रआई बेकारबाट अंगरेश्वर समूह बिजयी भएको छ भने तेश्रो खेलबाट ६ गोलसहित लक्ष्मीपुर विजयी बनेको छ ।

प्रतियोगिताको समापन आज आईतवार हुनेछ ।









आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*बागमतीमा कमजोर वित्तीय अनुशासन*

# मर्मत नै नगरी लिइयो रकम



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशमा वित्तीय अनुशासन कायम हुन नसक्दा बेरुजु बढ्दै गएको छ । प्रदेश सरकारअन्तर्गत् असुलउपर (तिर्नुपर्ने) बेरुजु दर पनि उच्च देखिएको छ ।

महालेखाले प्रतिवेदनअनुसार स्वीकृत दरभन्दा बढी मूल्यमा निर्माण व्यवसायीलाई भुक्तानी दिइएको, विभिन्न खरिद र परामर्श सेवामा लाग्ने अग्रिम आयकर कट्टी नगरी पूरै भुक्तानी दिएको, कुनै कानुनी आधारबिना कर्मचारी वा पदाधिकारीले बैठकभत्ता, भ्रमण खर्च र अन्य सुबिधा लिएको, सम्झौताअनुसार काम सम्पन्न नभइ रनिङ बिलका आधारमा बढी पैसा भुक्तानी गरिएको देखिन्छ ।

महालेखा परीक्षकको आठौं वार्षिक प्रतिवेदनअनुसार बागमती प्रदेशमा असुल गर्नुपर्ने बेरुजु ४ करोड माथि देखिएको छ । प्रदेशका १ सय ९१ संरचनाको आलेपा गर्दा नियमविपरीत भुक्तानी भएको, हिनामिना भएको वा मर्मत नगरी बढी रकम लिइएको रकम (असुल गर्नुपर्ने बेरुजु) ४ करोड ३९ लाख ८२ हजार देखिएको हो ।

महालेखाका अनुसार सरकारी कार्यालयतर्फ कुल ४ करोड २० लाख ६१ हजार र समिति तथा अन्य संस्थातर्फ १९ लाख २१ हजार गरी जम्मा ४ करोड ३९ लाख ८२ हजार असुल गर्नुपर्ने देखिएको हो । महालेखा प्रतिवेदनअनुसार प्रदेश सरकारका निकायहरुको बेरुजुमध्ये ६.३४ प्रतिशत् बेरुजु नियमित गर्न नसकिने देखिएको हो । महालेखाको प्रतिवेदनअनुसार १ सय ९१ सरकारी कार्यालयले ४ करोड २० लाख ६१ हजार रुपियाँ नियमविपरीत भुक्तानी र बढी दर कायम गरी वितरण गरिएको छ भने विभिन्न अस्पताल र विकास समितिहरु, समिति तथा संस्थाहरुले १९ लाख २१ हजार रुपियाँ असुल गर्नुपर्ने बेरुजु देखिएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार प्रदेशका १ सय ९१ सरकारी कार्यालयको लेखापरीक्षण गर्दा ९४ वटा कार्यालयमा नियमित गर्नुपर्ने तथा असुल गर्नुपर्ने बेरुजु देखिएको छ । प्रदेशमा कुल बेरुजु ६९ करोड ३७ लाख ९४ हजार रहेकोमा नियमित गर्नुपर्ने बेरुजु ४५ करोड १ लाख ८५ हजार (६४.८९ प्रतिशत्), असुल गर्नुपर्ने बेरुजु ४ करोड ३९ लाख ८२ हजार (६.३४ प्रतिशत्), पेश्की बाँकी १९ करोड ९६ लाख २७ हजार (२८.७७ प्रतिशत्) छ । उक्त बेरुजुसहित प्रदेशको कुल अद्यावधिक बेरुजु ५ अर्ब २८ करोड ६ लाख ९४ हजार पुगेको छ ।

मन्त्रालयगत्रुपमा असुल गर्नुपर्ने बेरुजु सबभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा देखिएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयको असुल गर्नुपर्ने बेरुजु ३ करोड २५ लाख ४८ हजार छ भने कृषि तथा पशुपक्षी विकास मन्त्रालयको ३९ लाख ७८ हजार, खानेपानी, ऊर्जा तथा सिचाई मन्त्रालयको २७ लाख ४२ हजार, वन तथा वातावरण मन्त्रालयको ११ लाख २२ हजार छ ।

असुल गर्नुपर्ने बेरुजु स्थानीय तहमा पनि उल्लेख्य देखिएको छ । प्रदेश सरकारको तुलनामा स्थानीय तहहरुमा असुल गर्नुपर्ने बेरुजुको दर निकै उच्च छ । बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये लेखापरीक्षण गरिएका १ सय १७ स्थानीय तहमा ३३ करोड ९४ लाख ७८ हजार असुल गर्नुपर्ने देखिएको छ । प्रतिशत् रकम सीधै फिर्ता गर्नुपर्ने प्रकृतिको देखिएको प्रतिवेदनमा लेखिएको छ ।

## इप्पान वरिष्ठ उपाध्यक्षमा मकवानपुरका भ्लोन

सन्देश संवाददाता

काठमाडौं/स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) को २४ औं वार्षिक साधारणसभाबाट मोहनकुमार डाँगीको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । शुक्रबार मध्यरात सप्पन्न साधारणसभाबाट नयाँ कार्यसमिति चयन भएको निर्वाचन समितिले जनाएको छ ।

डाँगी संस्थाको विधानअनुसार स्वत: अध्यक्ष बनेका छन् । वरिष्ठ उपाध्यक्षमा मकवानपुरका उत्तम भ्लोन निर्विरोध निर्वाचित भएका छन्। उपाध्यक्षहरुमा उत्तरकुमार श्रेष्ठ, नरेन्द्रबल्लभ पन्त, विक्रम बिष्ट, सुशन कर्माचार्य र हिमप्रसाद पाठक निर्वि–रोध निर्वाचित भएका छन् । महासचिवमा टेकनाथ आचार्य (टीएन आचार्य) तथा उपमहासचिवमा कविता पोखरेल निर्विरोध निर्वाचित भएका छन्। सचिवमा अभिषा मल्ल, इशा श्रेष्ठ, कुवेरमणि नेपाल, विजयमोहन भट्टराई र सुमनकुमारी जोशी निर्विरोध निर्वाचित भएका छन्। कोषाध्यक्षका लागि भएको निर्वाचनमा शंकर बस्याल २ सय ६७ मत प्राप्त गर्दै विजयी भएका छन्। उनीसँग प्रतिस्पर्धी गरेका मिथुन चक्रवर्तीप्रसाद पौडेलले ८२ मत प्राप्त गरे । खुला सदस्यतर्फ अनुप आचार्य, कदम केसी, जगदीश शिवाकोटी, जगत्बहादुर पोखरेल, नारायण कँडेल, मिलन खड्का तथा वर्णन लामिछाने निर्विरोध निर्वाचित भएका छन् ।

# उत्कृष्ट विद्यार्थी सम्मानित

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिका–३ ले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व, उत्कृष्ट विद्यार्थी, कृषक, खेलाडी, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षाभत्ता प्राप्त लक्षित वर्गलाई सम्मान गर्दै लक्षित वर्ग सम्मान कार्यक्रम–२०८३ सम्पन्न गरेको छ ।

बिगत २०७६ सालदेखि निरन्तर सञ्चालन हुँदै आएको कार्यक्रम अन्तर्गत् यस वर्ष विभिन्न विधाका २९ जनालाई सम्मान गरिएको हो ।

कार्यक्रममा शिक्षा, कृषि, सहकारी, खेलकुद, वातावरण संरक्षण, सामाजिक सेवा तथा सामुदायिक विकासका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गरिएको थियो। मकवानपुर गढी–३ मा जन्मिएर विद्यावारिधि उपाधि हासिल गरेका डा. दीपक अधिकारीलाई विशेष सम्मान प्रदान गरिएको थियो ।

सहकारी प्रशिक्षक तथा सहकारी अभियन्ता गोबिन्द दाहाल, शिक्षाक्षेत्रतर्फ भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापा, शिवराम फुयाँल र विष्णुमाया नगरकोटी, बासु अधिकारी, मनमोहन देबकोटा र बिमल दाहाललाई सम्मान गरिएको थियो ।

शैक्षिक सत्र २०८२ को एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो । उत्कृष्ट जीपीए ल्याएकी रीतिका थापाले ७ हजार पुरस्कार प्राप्त गरिन् भने सायम पाख्रिन, क्रिशा पुडासैनी, किरण लम्साल, विधान पाख्रिन र उज्ज्वल बिश्वकर्मालाई जनही ५ हजार प्रदान गरिएको थियो ।




खेलकुदतर्फ मकवानपुरको महिला क्रिकेट टोलीमा छनौट भएका भानु माध्यमिक विद्यालयका विद्यार्थीहरु रीतिका थापा, विषिका भट्टराई, पुजना दाहाल, रोहिनी पाख्रिन, शुभद्रा योञ्जन, सोनीमाया रुम्बा, सपना सुनार, सरस्वती अर्याल र इशा घिसिङलाई सम्मान गरिएको थियो । क्रिकेट विकासमा योगदान पुऱ्याएको भन्दै प्रशिक्षक तथा खेलकर्मी रवीन्द्रविक्रम सापकोटालाई सम्मान प्रदान गरिएको छ । कृषिक्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने पोल्ट्री व्यवसायी गणेश सिलवालसहित दुग्ध उत्पादन तथा व्यावसायिक कृषिमा सक्रिय कृषकहरुलाई सम्मान गरिएको छ ।

जसमा उत्कृष्ट दुघ उत्पादक किसानतर्फ केदार पुडासैनी, लक्ष्मी फयँल, सोमबहादुर सुनार र सिंह बहादुर लुङ्वालाई सम्मान गरिएको आयोजनले जनाएको छ ।

कार्यक्रममा सामाजिक सुरक्षाभत्ता प्राप्त ज्येष्ठ नागरिक, दलित ज्येष्ठ नागरिक, असहाय तथा एकल महिला गरी ९ जनालाई सम्मानस्वरुप ब्ल्यांकेट वितरण गरिएको थियो । सम्मानित हुनेहरुमा सोमराज घिमिरे, वीरबहादुर घलान, छविलाल सुञ्चुरी, राधिका तिमल्सिना, खिलाकुमारी दाहाल, गीताकुमारी ढुंगेल, विष्णुमाया थोकर, रेनु दाहाल र सीता घिमिरे छन् ।

कार्यक्रममा पालिका अध्यक्ष दोर्जे लामास्यांतानले समाज निर्माणमा योगदान पुऱ्याउने व्यक्तित्व, ज्येष्ठ नागरिक तथा प्रतिभावान् विद्यार्थीहरुको सम्मान गर्नु स्थानीय सरकारको दायित्व भएको बताए । उनले यस्ता कार्यक्रमले सामाजिक सद्भाव, सम्मानको संस्कृति तथा सकारात्मक प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उल्लेख गरे । उपाध्यक्ष मानकुमारी पाख्रिन नेपालीले वडा नम्बर–३ ले सञ्चालन गर्दै आएको सम्मान कार्यक्रम अनुकरणीय रहेको बताउँदै यसले समाजमा सकारात्मक सन्देशप्रवाह गरेको धारणा व्यक्त गरिन् । पालिकाले समेत विभिन्न लक्षितवर्गलाई सम्मान तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी दिइन् ।

वडा अध्यक्ष भागवत् घिमिरेले सम्मान कार्यक्रम २०७६ सालदेखि निरन्तर सञ्चालन हुँदै आएको र प्रत्येक वर्ष एक लाख बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने गरिएको बताए। शिक्षा, कृषि, सामाजिक सेवा, वातावरण संरक्षण तथा सामुदायिक विकासमा योगदान पुऱ्याउने व्यक्तिहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै उनले आगामी वर्षहरुमा पनि कार्यक्रमलाई निरन्तरता दिइने बताए ।

कार्यक्रममा मकवानपुरगढी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछाने, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, टोलविकास संस्था, सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकालगायत विभिन्न संघसंस्थाका प्रतिनिधि तथा स्थानीयको सहभागिता थियो ।

कार्यक्रम वडा सचिव सोनिका अर्यालले सञ्चालन गरेकी थिइन् । वडा कार्यालयको आयोजनामा सम्पन्न कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष लामास्यांतानको प्रमुख आतिथ्यता र वडा अध्यक्ष घिमिरेको सभाध्यक्षतामा थियो भने शिक्षक शिक्षिकाको उपस्थिति थियो

# वेवारिसे तथा घाइते कुकुरको उद्दारमा युवा

हेटौंडा/हेटौंडाका युवाहरुले सडकमा वेवारिसे तथा घाइते अवस्थामा रहेको कुकुरको उद्दार कार्यमा सक्रिय बन्दै आएका छन् । हेटौंडा उपमहानगरपालिकाभित्रका विभिन्न वडाहरुमा बेवारीसे अवस्थाका, दुर्घनामा परेर घाइते भएसंगै विभिन्न रोगहरुबाट संक्रमित कुकुरहको उद्दारमा सक्रिय बन्दै आएका हुन् । हेटौंडाको सामुदायिक कुकुरको उद्दार गर्नुका साथै उपचार र कुकुरको संरक्षणमा बिगत लामो समयदेखि ९ जना युवाहरु जुटिरहेका छन् । हेटौंडाको 'एनिमल एण्ड डग वेलफेयर क्लब' माध्यमले युवाहरु आफ्नै सक्रियता तथा खर्चमा सडकमा वेवारिसे अवस्थाका र निकै कठिन एवम् कष्ठकर जीवन व्यतित गर्दै आएका कुकरको उपचार गरेर उचित व्यवस्थापन गर्दै आएको बताएका छन् ।

उद्दार कार्यमा सक्रिय युवाहरुको क्लबका अध्यक्ष सजल पौडेलले हालसम्म संख्याको आधारमा ३ सय वटाभन्दा बढी कुकुरको उद्दार, उपचार तथा व्यवस्थापन गरिएको जानकारी गराए । ९ जना सदस्य रहेको उक्त समूहमा पशुसम्बन्धी ज्ञान भएका सदस्य सहभागी रहेका छन् । कुकुरको उद्दार कार्यमा सक्रिय भूमिका निर्वाह गर्दै आएको क्लबले विशेषगरी विभिन्न सवारी साधनको ठक्करबाट घाईते, दुर्घटनामा परेका, छालासम्बन्धि रोगबाट ग्रसित तथा भोकमरीसंगै अन्य विभिन्न समस्याबाट गुज्रिएका कुकुरहरुको उद्दार गर्दै आएको उनले बताए ।

क्लबका सदस्यहरु मिलेर उद्दार गरिएको कुकुरको लागि आवश्यक खर्च जुटाउने गरेका युवाहरुले आवश्यक थप खर्चका लागि सामाजिक सञ्जालमार्फत् पनि सहयोग संकलन गरेर वेवारिसे कुकुरको उपचार कार्यमा निरन्तर निस्वार्थ भावनाले लाग्दै आएको उनीहरुले बताए । क्लब अध्यक्ष पौडेलका अनुसार उद्दार गरिएका घाइते तथा बिरामी कुकुरलाई उपचार अवधिभर सुरक्षितरुपमा राख्ने उपयुक्त स्थान अभाव भएकोले स्थान खोजिमा रहेको बताए । कुकुरका लागि आश्रयस्थल नभएको खण्डमा कहिले आफ्नै घरको आंगनमा त कहिले सार्वजनिक खाली भवनमा त कहिले खुलास्थानमा राखेर उपचार गर्नुपर्ने बाध्यता रहेको क्लबले जनाएको छ


सदस्यहरुका अनुसार हेटौंडाको सडकहरुमा भेटिने धेरैजसो कुकुरहरु सवारी दुर्घटनाको शिकार भएको बताउंदै उनीहरुले भने– हामीहरुले सडकमा भेट्ने गरेको अधिकांश कुकुरहरु सडकमा सवारी साधनको ठक्करले हुने गरेको छ । मानिसहरुले सवारी साधनले कुकरलाई ठक्कर दिएपछि त्यस स्थानबाट फरार हुने गरेका छन् । जस कारणले हामीले कयौं दिनसम्म टड्पीएर छट्पटाइ रहेको अवस्थामा कुकुर भेट्ने गरेका छौं । नेपालको कानुनअनुसार पशुपंक्षीमाथि यस्ता प्रकारका क्रुर व्यहार गर्नु नहुने नियम भएता पनि सम्बन्धीत निकायबाट प्रभावकारीरुपमा यसको कार्यान्वयन हुन नसकेको उनीहरुको गुनास छ ।

जनावरलाई कुटपीट गर्ने, घाइते बनाउने र सवारी दुर्घटनापछि भाग्ने व्यक्तिमाथि सरकारले कडाभन्दा कडा कारबाही गर्न आवश्यक रहेको उनीहरुले बताएका हुन् । समुदायभित्र रहेका कुकुलाई सुरक्षित गर्न, संरक्षण गर्न, उपचार गर्न र व्यवस्थापन गर्नका लागि स्थानीय, प्रदेश र केन्द्रीय सरकारले बजेट विनियोजन गर्न जरुरी रहेको क्लबकी कोषाध्यक्ष आश्रिती सेढाइले बताईन् । यस्ता कुकुरको संरक्षणलाई पशु कल्याणको रुपमा मात्र नहेरेर सार्वजानिक स्वास्थ्य, सवारी दुर्घटना र जोखिम न्यूनीकरण तथा सुरक्षित सहरको व्यवस्थापनसाग जोडेर मूल्यांकन गरेर हेर्नुपर्ने उनले बताईन् ।

कुकुरको उद्दार तथा उपचारमा सक्रिय भूमिका खेल्दै आएको युवाहरुका लागि हेटौंडा उपमहानगरपालिकाबाट सहयोग नपाएको उनले बताईन ।

उनीहरुका अनुसार हेटौंडा–१ स्थित खसीबजार भवनलाई सामुदायिक कुकुरको आश्रयस्थल (सेल्टर) का रुपमा उपलब्ध गराउने तयारी गरेको छ ।

उक्त आश्रयस्थल सञ्चालनमा आएपछि घाइते तथा बिरामी कुकुरको उपचार र व्यवस्थापन थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । उपचारपछि आराम गर्नुपर्ने, नियमित औषधि सेवन गर्नुपर्ने तथा पूर्णरुपमा स्वस्थ भइनसकेका कुकुरलाई सुरक्षितरुपमा राख्न सकिने उनीहरुले बताए ।




## चौंसट्ठी शिवलिंगधाम———

शिवमहापुराणको रुद्रसंहिताले शिरो भागस्वरुपेण शिवलिंग भनेर पशुपतिनाथलाई प्रसिद्ध ज्योतिर्लिंगहरुको पनि शिरोभाग महाज्योतिर्लिंगका रुपमा वर्णन गरेको छ । स्कन्दपुराणअन्तर्गत् हिमवत्खण्डको ८९ औं अध्यायदेखि १५७ औंसम्मका अध्यायमा पशुपतिनाथ र बागमती सहित चौसट्ठी सिद्धलिंगहरुको उत्पत्ति, स्वरुप, विशेषता र अवस्थितिको पूर्ण व्याख्या गरिएको छ। हिमवत्खण्डले नेमुनिको आज्ञा र मार्गदर्शनमा विरुपाक्षले गरेको ऐतिहासिक चौंसट्ठी सिद्धलिंग दर्शन यात्राको पनि क्रमबद्ध सबिस्तार वर्णन गरेको छ ।

तनहुँ जिल्लाको देवघाट गाउँपालिका वडा नम्बर–५ मा रहेको कालीगण्डकी र त्रिशुली नदीको संगमस्थल, प्राचीन पुराणहरुमा आदिप्रयाग हरिहर क्षेत्रका नामले वर्णित देवताहरुको तपोभूमि देवघाटधाममा रहेको महेश सन्न्यास आश्रम धार्मिक तथा शैक्षिक उन्नयनको केन्द्रका रुपमा विकास हुँदै गएको छ। देवघाटधाम नेपालको मध्यभागमा पर्ने प्रसिद्ध धार्मिक ऐतिहासिक एवम् पर्यटकीय महत्वले भरिपूर्ण भएको पवित्र तीर्थस्थल हो। आदिप्रयाग, हरिहरक्षेत्र र चक्रतीर्थका रुपमा परिचित पुण्यभूमिमा मुक्तिनाथबाट प्रवाहित शालग्रामवाहिनी कृष्णागण्डकी र गोसाईंकुण्ड बाट प्रवाहित त्रिशुली नदीको पावन संगम रहेको तीर्थमा पर्वपर्वमा देवताहरु स्नान गर्न आउँछन् भन्ने मान्यता छ ।

विशुद्ध धार्मिक तथा सामाजिक संस्थाका रुपमा महेश सन्न्यास आश्रम स्थापना भएको हो । महेश सन्न्यास आश्रमअन्तर्गत् सञ्चालित गुरुकूलमा प्राचीन गुरुकूलको मर्यादा अनुसरण गर्दै वेदलगायत पौरस्त्य वाङ्मयको शिक्षा दिने व्यवस्था गरिएको छ । जसअन्तर्गत् आधारभुत तहदेखि स्नातकोत्तर र विद्यावारिधि तहसम्मको औपचारिक अध्ययन/अध्यापनको व्यवस्था एकै प्रांगणबाट उपलब्ध हुँदै आएको छ । कक्षा–६ बाट प्रारम्भ हुने गुरुकूलीय शिक्षाको आधारभुत तह नेपाल सरकारद्वारा निर्धारत गुरुकूलीय पाठ्यक्रममा आधारित भएर सञ्चालित छ भने उच्च तहमा नेपाल संस्कृत विश्वविद्यालयको पाठ्यक्रमअनुसार अध्ययन/अध्यापन सञ्चालन भइरहेको छ ।

आश्रमले मानवता विश्व शान्ति र विश्वबन्धुताको मूल आधार भएको सनातन आर्य संस्कृति संरक्षण तथा सम्वर्द्धन गर्ने, आध्यात्मिक ज्ञानविज्ञानको मूल स्रोत तथा बौद्धिक ऊर्जाको खानी भएको प्राचीनतम् संस्कृत भाषा संरक्षण तथा सम्वर्द्धन गर्ने र त्यसअन्तर्गत्का अनुसन्धानयोग्य महत्वपूर्ण ज्ञानसम्पदाको खोजी गरी प्रकाशनमा ल्याउने, संस्कृत शिक्षाका माध्यमले समाजका हरेक क्षेत्रमा नैतिक शिक्षा, नवचेतना र आध्यात्मिक जागरण ल्याउन सक्ने अनुशासित, सच्चरित्रवान्, कर्तव्य निष्ठ, समाज सेवामा समर्पित सुयोग्य र दक्ष जनशक्ति उत्पादन गर्ने मुख्य उद्धेश्य रहेका छन् ।

## 'एक विद्यालय-एक नर्स': शिक्षा र स्वास्थ्यबीच सेतु

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले सञ्चालन गर्दै आएको 'एक विद्यालय–एक नर्स' कार्यक्रम विद्यालय तहका विद्यार्थीहरुको शारीरिक, मानसिक तथा प्रजनन् स्वास्थ्य प्रवर्द्धन गर्दै स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने दुरदर्शी मानव विकासको कार्यक्रम भएको निष्कर्ष निकाल्दै प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले कार्यक्रमलाई अझ प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

समितिको ४६ औं बैठकले विद्यालयमै स्वास्थ्य सेवा उपलब्ध गराएर रोगको समयमै पहिचान, परामर्श तथा उपचारमा सहयोग पुऱ्याउने कार्यक्रम शिक्षा र स्वास्थ्यबीचको प्रभावकारी सेतुका रुपमा स्थापित भएको समितिका सचिव तथा बागमती प्रदेशसभा सचिवालयका प्रवक्ता प्रकाश चापागाईले जानकारी दिए । स्वस्थ्य विद्यार्थी नै गुणस्तरीय शिक्षाको आधार भएको उल्लेख गर्दै समितिले बालबालिकामा स्वास्थ्य सचेतना, सरसफाइ तथा सकारात्मक जीवनशैली विकास गर्न कार्यक्रमको भूमिका अत्यन्त महत्वपूर्ण रहेको निष्कर्ष निकालेको उनले बताए । विद्यालयलाई सुरक्षित, स्वस्थ्य र सिकाइमैत्री वातावरण निर्माण गर्न उल्लेखनीय योगदान पुऱ्याएको भन्दै समितिले प्रदेश सरकार तथा स्वास्थ्य मन्त्रालयलाई धन्यबाद ज्ञापनसमेत गरेको छ ।

जेठ २७ गते बसेको समितिको बैठकले कार्यक्रमलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक पहल गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो । बैठकले प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले पेश गरेको प्रदेश युवा परिषद् ऐन, २०७६ को परीक्षण प्रतिवेदन, २०८३ सभामा पेश गर्नुअघि समिति तथा सरोकारवालासँग छलफल गर्ने निर्णय गरेको छ । उनले प्रस्तुत गरेको प्रदेश युवा नीति–२०७९ को समीक्षा प्रतिवेदनमाथि पनि सरोकारवालासँग छलफल गरी सम्बन्धित मन्त्रालयमा पठाइने भएको बताईएको छ ।

स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायबाट आर्थिक वर्ष २०८२/०८३ मा नयाँ निजी अस्पतालहरुलाई दिइएको सञ्चालन अनुमति र सञ्चालनमा रहेका निजी अस्पतालहरुको नवीकरणसम्बन्धि विवरण सात दिनभित्र समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय बैठकले गरेको छ। समितिले आफ्नो वार्षिक प्रतिवेदन तयार गर्न सांसद् उत्तम जोशीको संयोजकत्वमा पाँच



सदस्यीय उपसमिति गठन गरेको छ । उपसमितिमा सांसद्हरु ईश्वर सापकोटा, एकालाल श्रेष्ठ, रामकुमार पहाडी र सुष्पा भुजेलन्यौपाने सदस्य छन् ।

बैठकले स्वास्थ्य मन्त्री, सामाजिक विकास मन्त्री तथा युवा तथा खेलकुद मन्त्रीले समितिको स्थलगत् अनुगमनका क्रममा पहिचान गरिएका विषयहरुको सम्बोधन गर्ने प्रतिबद्धता जनाएको भन्दै धन्यबादज्ञापन गरेको छ। प्रदेश सरकारका गौरवका तथा प्रमुख आयोजनाहरुमा पर्याप्त स्रोतसाधनको व्यवस्था गरी समयमै सम्पन्न हुने वातावरण बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णयसमेत गरेको छ ।

ईतिहासमा गौरव बोकेको, गुणस्तरीय बिश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भबिष्य"
भुटनदेवी माध्यमिक बिद्यालयमा
!! भर्ना खुल्यो !!
अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्,
अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित
शैक्षिक वातावरणसहित
बिषयहरु :
▶बिज्ञान बिषय (Science)
▶व्यवस्थापन बिषय (Management)
▶होटल म्यानेजमेण्ट (Hotel Management)
▶सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
▶शिक्षा र कम्प्युटर बिषय (Education & Computer)
॥ ॥ ॥
शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस
बिद्यालय हाल ISO Certification प्रक्रियामा
अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको
शिक्षातर्फ उन्मुख छ।
हाम्रा बिशेषताहरु :
◆दक्ष तथा अनुभवी शिक्षकहरु ◆व्यवस्थित कक्षा कोठाहरु
◆आधुनिक प्रयोगशाला ◆प्रबिधिमैत्री शिक्षण सिकाई
◆उत्कृष्ट नतिजा ◆पर्याप्त खेल मैदान
◆GPA अनुसार पूर्ण छात्रबृत्तिको ब्यवस्था भएको
तपाईको सपना र सफलताको यात्रामा
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला ।
भुटनदेवी माध्यमिक बिद्यालय
सम्पर्क: ०५७-५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने